## गोदाममा सड्दै चामल

काठमाडौं । विनाशकारी भूकम्पका बेला बंगलादेशले नेपाल सरकारलाई उपलब्ध गराएको अनुदानको चामल खाद्य संस्थानकै गोदाममा थन्किएको खबर छ । दुई वर्षअघि भूकम्प जाँदा बंगलादेश सरकारले भूकम्पपीडितका लागि अनुदानमा दिएको १ लाख क्विन्टल चामलमध्ये करिब १२ हजार क्विन्टल चामल गोदाममै बास बसिरहेको छ ।


दुर्गमका २३ जिल्लामा यस वर्ष १ लाख ५५ बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

## कोविन्द भारतका नयाँ राष्ट्रपति



काठमाडौं । भारतीय जनता पार्टीका नेता रामनाथ कोविन्द भारतको १४ औं राष्ट्रपति भए । बिहीबार सम्पन्न मतगणनामा राष्ट्रिय प्रजातान्त्रिक गठवन्धनका राष्ट्रपतिका उम्मेदवार कोविन्दले ६५.३५ प्रतिशत मत पाएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी युपीएकी उम्मेदवार मिरा कुमारले ३४.३५ प्रतिशत मत पाएको भारतीय सञ्चार माध्यमहरुले जनाएका छन् । कोविन्द उत्तर प्रदेशका दलित नेता हुन् । उनी दुई पटक राज्यसभा सदस्य पनि थिए ।

वर्ष ६ अंक १५, २०७४ साल साउन ६ गते शुक्रबार, नेपाल संवत् ११३७ (July 21, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# मधेसलाई क्रिमिया बनाउने भारतीय धृष्टता

काठमाडौं । सरकारको सुस्तता र निष्क्रियताका कारण माघ ७ गतेअघि गर्नैपर्ने प्रदेश सभा र संघीय संसदको निर्वाचन आशंकाको घेराभित्र पर्दै गएको छ । स्थानीय निकायको पहिलो र दोस्रो चरणको निर्वाचन सकिएर जनप्रतिनिधिहरुले आफ्ना काम गरिरहेका छन् तर प्रदेश २ को चुनाव असोज २ मा पनि हुने हो कि होइन भन्ने सो क्षेत्रका जनतामा व्यापक कौतुहलता देखिन्छ ।

६ वटा मधेस केन्द्रित दलहरु मिलेर भारतीय दुतावासको पहलमा नयाँ गठन भएको राष्ट्रिय जनता पार्टी चुनावअघि संविधान संशोधनको अझै धराप थापिरहेको छ । राजपालाई चुनावमा सहभागी गराउन सरकारले प्रदेश २ को चुनाव असोज २ मा सारे पनि मधेसी नेताहरु भने घोषित मितिमा यथास्थितिमा चुनाव हुन नदिने रणनीतिमा देखिन्छन् । संसदमा प्रस्तुत संविधान संशोधन विधेयकलाई तत्काल टुंगोमा पुऱ्याउन मधेसी नेताहरुले सरकारलाई चर्को दबाब दिइरहेका छन् । सरकारले भने संशोधनको पक्षमा दुईतिहाई मत नपुग्ने भएकाले विधेयक अगाडि नबढाइएको बताइरहेको छ । राजपा नेताहरु हामीले प्रक्रिया होइन, परिणाम खोजेका हौं भन्दै जसरी पनि विधेयक पारित गराउनैपर्नेमा लिप्ति कसिरहेका छन् ।

संशोधनबाहेक सरकारले चाँडै सहिद, राहत घोषणा र मुद्दा फिर्ता गर्ने प्रक्रिया अघि बढाउने भएको छ । मुख्य प्रतिपक्षी दल एमाले संविधान संशोधनको विपक्षमा रहेका कारण विधेयक पारित हुन नसक्ने प्रस्ट हुँदाहुँदै पनि मधेसी नेताहरुले 'परिणाम देखिने गरी आउनुपऱ्यो' भनेर सरकारसँग जोड गर्नुमा भारतीय दूताबासको उक्साहटले काम गरेको बुझ्न कठिन छैन । व्यापक पैसा बाँडेर सांसदहरु खरिद गर्ने तयारीमा भारतीय दूताबास रहेका कारण विधेयक पारित हुनेमा मधेसी नेताहरु आशावादी देखिएका छन् । पैसाकै बलमा महाकाली सन्धि पारित गराउन सक्ने प्रधानमन्त्री देउवाले संशोधन विधेयक भने पार लगाउन नखोजेकोमा मधेसी नेताहरु निकै असन्तुष्ट छन् ।

भारतले नेपालको नयाँ संविधानलाई अहिलेसम्म समर्थन गरेको छैन । इन्डियन एक्सप्रेसमार्फत सार्वजनिक भएको सातवटा भारतीय एजेन्डा पूरा भएका छैनन् । भारतपूर्व तराई भूभागलाई सके एक मधेस प्रदेश नभए दुई प्रदेशमा विभक्त गरिनुपर्ने अडानमा छ । नागरिकताको प्रावधान अझै खुकुलो बनाएर तराईलाई फिजीकरण गर्ने योजनामा छ भारत । यत्ति मात्र होइन, अंगीकृत भारतीय चेलीहरुलाई नेपालको राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश जस्ता विशिष्ट संवैधानिक पदमा विराजमान गराएर नेपाललाई सिक्किमीकरण गर्ने मुराद समेत भारतले पालिरहेको छ । नेपालमा १ प्रतिशत नागरिकले पनि नबोल्ने हिन्दी भाषालाई नेपालको संविधानमा राष्ट्रिय भाषाको मान्यता



दिलाउने जमर्को गरिरहेको छ । भारतीय संविधानको आठौं अनुसूचीमा नेपाली भाषाले मान्यता पाएको छ भने हिन्दी भाषाले नेपालको संविधानमा किन मान्यता पाएन ? भनेर भारतीय शासक वर्ग रुष्ट छ । अर्कोतर्फ स्थानीय तहका प्रमुखहरुलाई राष्ट्रिय सभाको निर्वाचनबाट विमुख गराएर राष्ट्रिय सभालाई नै लथालिंग बनाउने अर्को खेल राजपामार्फत भारतले खेलिरहेको छ । देश संघीयतामा गएपछि प्रदेशको समान हुन्छ । संघीयतामा समान हक प्रयोग गर्ने ठाउँ राष्ट्रिय सभा हो ।

राष्ट्रिय सभामा प्रत्येक प्रदेशले सानो ठूलो नभनी बराबर स्थान पाउँछन् । संविधानले प्रत्येक प्रदेशबाट ८ ।८ जना जाने प्रस्ताव गरेको छ । त्यसमा पनि तीनजना बराबरीको संख्यामा महिला जानुपर्ने एकजना दलितबाट, एक जना अपांग वा अल्पसंख्यक जानुपर्ने र त्यसपछि तीन जना प्रत्येक प्रदेशबाट बराबरीको संख्यामा जानुपर्ने भन्ने छ । आठ जिल्ला भएको २ नं. प्रदेशबाट केन्द्रमा प्रत्यक्ष निर्वाचनमा १६५ मध्ये ५५ जन आउँछन् । तर १४ वटा जिल्ला भएको प्रदेश १ बाट जम्मा ४५ जना आउँछन् । प्रदेश सभामा प्रत्यक्ष चुनिने ८ जिल्ला, प्रदेश २ बाट ११० जना हुन्छन् । एक नम्बर प्रदेशबाट ९३ जना मात्र प्रत्यक्ष चुनिएर आउँछन् । यस्तो व्यवस्था जनसंख्याकै आधारमा भएको हो । मधेसी नेताहरु राष्ट्रिय सभालाई किन भत्काउन खोजिरहेका छन् ? किन स्थानीय तह नेतृत्वको संविधान प्रदत्त अधिकार खोस्न खोजिरहेका छन् ? तराईको जनसंख्या १ करोड ३४ लाखमध्ये ४४ लाख पहाडिया मूलका छन् । थारु, मुस्लिमले आफूलाई मधेसी भन्दैनन् । झा, यादव र मण्डलको संख्या ४० लाख छ । यही संख्याले मधेसको नेतृत्व गरेको छ । राजपुत, कायस्थ ब्राह्मणहरुको ६० प्रतिशत शिक्षित संख्या मधेसमा बस्दैन । आरक्षणमा झा, यादव, मण्डलकै प्रतिनिधित्व छ । अनि मधेसी नेताहरुले गरेको हक र अधिकार मागको तालमेल कहाँनिर मिल्छ ? वास्तवमा मधेसी नेताहरुको रिमोट कन्ट्रोल नै भारतीय दूताबासमा रहेको र दुतावासबाटै चल्ने गरेको प्रस्ट भइसकेको छ । भारतीय राजदूत मन्दिम सिंह पुरीसामु पटक पटक सास्टांग दण्डवत गरिरहेका छन् । सरकारले वार्तामा बोलाउँदा लैनचौर पटना र दिल्ली थुरिन्छन् मधेसी नेताहरु । मधेसका जनता स्थानीय निर्वाचनमा मताधिकार प्रयोग गर्न आतुर भइरहँदा मधेसी नेताहरुले आन्दोलनको दुन्दुभी बजाएर पटक पटक बाँकी ८ पेजमा

## गोर्खाल्यान्डको समर्थनमा देपसाको अपिल

काठमाडौं । ग्रेटर नेपाल अभियानलाई अगाडि बढाइरहेको देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाले दार्जिलिङमा सञ्चालन भइरहेको गोर्खाल्यान्ड आन्दोलनलाई समर्थन गर्दै अपिल प्रकाशित गरेको छ । मोर्चाका अध्यक्ष सुरेन्द्र ढकालद्वारा हस्ताक्षर गरिएको अपिलमा पश्चिम बंगाल सरकारले दार्जिलिङबासी जनताको न्यायोचित मागलाई लत्याउँदै चरम दमन गरी निहत्था नागरिकको ज्यान लिने काम गरेकोमा बंगाल सरकारको घोर निन्दा तथा भर्त्सना गरिएको छ । अपिलमा भनिएको छ- 'दार्जिलिङबासी जनताको भोट लिने भाजपा पार्टी र नरेन्द्र मोदी नेतृत्वको भारतीय सरकार समेत बंगालले आफ्नै जनतालाई हत्या गर्दा र नाकाबन्दी लगाउँदा समेत कुनै प्रतिक्रिया नजनाई चुप रहनुले दार्जिलिङ भारत सरकारको अधीनमा नरहेको स्पष्ट हुन्छ । त्यसैले त्यहाँका नेपाली भाषी जनताले उठाएको छुट्टै गोर्खाल्यान्ड राज्यको माग अत्यन्तै न्यायोजित र समयसापेक्ष रहेको छ । सुगौली सन्धिमा गुमेको टिस्टासम्मको नेपाली भूमि कालान्तरमा ग्रेटर नेपाल बन्ने अभियानमा समाहित हुनेमा कसैले रोक्न सक्दैन । तत्कालीन अवस्थामा गोर्खाल्यान्डको मागको सम्बोधन गरी आफ्नो बाँकी ८ पेजमा

## प्रचण्डद्वारा एकताको आह्वान

काठमाडौं । निर्वाचनमा तेस्रो स्थान हासिल गरे तापनि पहिलो र दोस्रो हुनेसँगको दूरी निकै टाढा बनाएको नेकपा माओवादी केन्द्र अहिले हारका कारणहरु गम्भीरतापूर्वक खोजिरहेको छ । माओवादीको सचिवालयको विशेष बैठकले पराजयको मुख्य कारण फुटलाई नै मानेको छ । सचिवालयको बैठकले विभाजित माओवादीबीच एकता कायम गर्न विशेष प्रस्ताव पारित गर्ने भएको छ ।

माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले स्थानीय निर्वाचनमा मतदाताहरुले माओवादीबीच एकता अपरिहार्य रहेको संकेत गरेको बताएका छन् । माओवादी विभाजित भएर गए पनि वैद्य, विप्लव, बाबुराम कसैले फुटको औचित्य पुष्टि गर्न नसकेकाले जनताले मिल्नेतर्फ संकेत गरेको अध्यक्ष दाहालको भनाइ रहेको छ । ललितपुरको थसिखेलमा आयोजित कार्यक्रममा बोल्दै उनले हामीले सफलता हासिल गर्न नसकेको दोष जनतालाई दिन मिल्दैन, त्यसको लागि हामी नै जिम्मेवार हौं भनेका छन् ।

देश माओवादीकै एजेन्डामा चलिरहेको छ । त्यसैगरी आफ्नो नेतृत्वको सरकारले इतिहासमै सबैभन्दा राम्रो काम गर्दा पनि चुनावमा माओवादीले अपेक्षित नतिजा ल्याउन सकेन । हामीले हाम्रा राम्रा कामको प्रचार जनतासामु



पुऱ्याउन सकेनौं । हाम्रो विपक्षीले पिठो बेचेको अवस्थामा हामीले बासमती चामल बेच्न सकेनौं भन्दै दाहालले दुखेसो पोखे ।

बाँकी ८ पेजमा

## इन्धनमा १ खर्ब २० अर्ब रुपैयाँ बाहिरियो

काठमाडौं । नेपाल गरिब देश भए पनि यहाँ इन्धनको खपत भने विकसित देशको भन्दा बढी हुने गरेको छ । इन्धन खरिदमा चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा सवा खर्ब रुपैयाँ बाहिरिएको छ ।

व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रको तथ्यांकअनुसार पहिलो ११ महिनामा १ खर्ब १२ अर्ब २ करोड रुपैयाँको इन्धन आयात भएको छ । यो रकम आर्थिक वर्ष २०७१ ।०७२ मा आयात भएको इन्धन बराबर हो ।

आर्थिक वर्ष २०७१ ।०७२ मा १ खर्ब १२ अर्ब १६ करोड रुपैयाँको इन्धन आयात भएको थियो । भारतले लगाएको नाकाबन्दीका कारण आर्थिक वर्ष ०७२ ।७३ मा भने पर्याप्त मात्रामा आयात हुन सकेको थिएन । नाकाबन्दी भएको वर्षभरि ६९ अर्ब १९ करोड रुपैयाँको इन्धन आयात भएको थियो । ११ महिनाको बाँकी ८ पेजमा

## सुनमा कालोधनको लगानी

काठमाडौं । विश्वकै गरिब मुलुकमध्ये एक रहेको नेपालमा एक वर्षमा तीस अर्बको सुन आयात हुनु आश्चर्यको विषय बनेको छ । आर्थिक वर्ष २०७१/०७२ मा १६५० केजी सुन आयात भएकोमा तीन वर्षअघि अथवा गत आ.व.मा ६४५५ केजी आयात भएको छ ।

व्यावसायीहरूले बैंकमार्फत सुन खरिद गर्छन् भने सुनचाँदी आयात वाणिज्य बैंकले गर्ने गरेको छ । नेपाल राष्ट्र बैंकले २३ वटा वाणिज्य बैंकहरूलाई सुन आयात गर्ने अनुमति दिएको छ । विगतमा अवैधानिक तवरले सुन आयात हुने गरेको भए तापनि वाणिज्य बैंकले बजार मूल्य अनुसार नै सुन उपलब्ध गराएपछि अवैध आयात बन्द भएको हो ।

यति धेरै सुन केमा खर्च हुन्छ भन्ने थुप्रै जिज्ञासा जन्मिएका छन् । एक व्यवसायीले नाम नछाप्ने शर्तमा भ्रष्टाचारको तथा अवैध धन्दाको रकम सुन खरिदमा प्रयोग भइरहेको छ ।

ठूलठूला भ्रष्टाचारीहरूले बैंकमा पैसा राख्दा झेल्नुपर्ने स्रोत खुलाउने झन्झटबाट पार पाउन विभिन्न पसलबाट सुनका ढिक्का खरिद गरी राख्ने गरेका छन् । विवाहको मौसममा सुन खरिद बढी हुने भए तापनि ढिक्का खरिद गर्नेलाई चाड पर्व र विवाहको साइत कुर्नु पर्दैन । अवैध धन सुन सञ्चितीमा लगाउनेहरूलाई सम्बन्धित निकायले निगरानी गर्न आवश्यक छ ।

## समय-सन्दर्भ | दार्जिलिङमा नेपाली भाषाको अस्तित्व मेटाउने षड्यन्त्र

**राजेन्द्र शर्मा**

गोर्खाल्यान्ड राज्यको माग गर्दै चलिरहेको आन्दोलनमाथि ममता बनर्जी नेतृत्वको पश्चिम बंगाल राज्य सरकारले क्रुर दमन गरिरहेको छ । केन्द्रीय रिजर्व प्रहरी बलको गोली लागेर पछिल्लो पटक मिरिक मकरजुङका ४५ वर्षीय आशिष तामाङको निधन भएको छ । गोर्खाल्यान्ड आन्दोलन ३६ दिनमा प्रवेश गर्दा सुरक्षाकर्मीको गोलीबाट ८ जना आन्दोलनकारीको मृत्यु भएको छ । संवैधानिक आन्दोलनमाथि गोली बर्साएर पश्चिम बंगाल राज्य सरकारले मध्ययुगीन बर्बरताको झल्को दिइरहेको छ । भारतमा भाषाकै आधारमा राज्यहरु बनेका छन् । पश्चिम बंगाल पनि



भाषाकै आधारमा राज्य बनेको हो । साना राज्यहरु बन्ने क्रम भारतमा जारी छ । झारखण्ड, तेलंगना, उत्तराखण्ड नयाँ राज्यहरु बनेका छन् । भारतीय जनता पार्टीकै शासनकालमा यी राज्यहरु बनेका छन् । गोर्खाल्यान्ड राज्यको माग शताब्दी पुरानो हो । दार्जिलिङबाट लोकसभामा विजयी भएका (एसएस आहुवालिया) सुरेन्द्र सिंहले गोर्खाल्यान्ड मागबारे पटक पटक संसदमा कुरा उठाउँदै आएका छन् ।

भारतमा ब्रिटिस साम्राज्य छँदै सन् १९०७ मा दार्जिलिङ अलग राज्यको माग उठेको हो । जातीय, भाषिक सांस्कृतिक लगायतको अलग पहिचान भएको र बंगाली समुदायको संस्कृतिभन्दा अलग पहिचानका कारण दार्जिलिङबासी बंगालको दासत्व स्वीकार्ने पक्षमा सुरुवाती कालदेखि नै थिएनन् । पश्चिम बंगाल सरकारले आउँदो शैक्षिक सत्रदेखि कक्षा १ देखि १० सम्म बंगाल भाषा अनिवार्य पढ्नैपर्ने निर्णय गरेपछि नेपाली बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

सम्पादकीय

# गफ मात्र होइन, काम देखाऊ

हाम्रा नेताहरूका फोस्रा आश्वासन र पत्यार नलाग्ने ठूलठूला गफ सुन्दै आएका जनता सानातिना समस्याबाट गुज्रिरहेका छन् । यस्तै गफाडिको जमातमा अहिले स्थानीय तहका नेताहरू समेत थपिएका छन् । खानेपानी, सरसफाइ र सामान्य बाटोघाटो नभएका ठाउँका नेताहरू समेत ठूलठूला चक्रपथ निर्माण गर्ने, मनोरेल दौडाउने, डाँडाकाँडामा केबुलकार बनाउने भाषण गर्दै हिँडिरहेका छन् । सपनाको खेती गर्ने ठूला नुता र तिनकै सिको गर्ने तलका नेताहरूले जति नै अपत्यारिला र उडन्ते भाषणबाजी गरे पनि जनता भरपर्दो विकल्पको अभावमा तिनीहरूलाई नै मत दिएर जिताउन विवश छन् । सानातिना कुरामा ध्यान नदिएका कारण उत्पन्न गम्भीर परिणाम काठमाडौंमा देखिइसकेको छ । बाटाका खाल्डाखुल्डी नपुर्दा र खुल्ला ढललाई व्यवस्थापन नगर्दा एकजना बालिकाको ज्यान गएको छ भने एउटी बालिका ढलमा बगेर पनि बाँच्न सफल भइन् । एउटा भैंसी पनि ढलमा परेर मऱ्यो । ढलले बगाएर बाँचेकी बालिकाले काठमाडौंका मेयर भेट्न जाँदा अत्यन्तै मार्मिक र गतिलो सल्लाह दिएकी छन् । मोनोरेल होइन पहिला ढल मर्मत गर्ने र बाटोका खाल्डाखुल्डी पुर्ने काम गर्न पीडित बालिकाले दिएको सल्लाह अत्यन्तै मननयोग्य र व्यावहारिक छ ।

काठमाडौं उपत्यका हिउँद याममा धूलो र धूवाँको मुस्लोले ढाकिने अनि वर्षा याममा हिलो र जतासुकै बाटामा पानी जम्ने समस्याले ग्रसित भएको लामो समय बितिसक्यो । राष्ट्रपति, प्रधानमन्त्रीदेखि राज्यका सम्पूर्ण उच्च पदस्थ व्यक्तिहरूले आफैं देखे, भोगेको र अनुभव गरेका ठाउँम त यस्तो कन्तबिजोग र भद्रगोल अवस्था छ भने दूरदराजको अवस्था कस्तो होला सहजै आँकलन गर्न सकिन्छ । प्रधानमन्त्री शेरबहादुर देउवाले हालै मात्र १५ दिनभित्रमा उपत्यकाका सडकका खाल्डाखुल्डी पुरिसक्न कडा निर्देशन दिएका छन् । प्रधानमन्त्रीको यो निर्देशन कार्यान्वयन हुने हो या त्यसै बिलाएर जाने हो त्यो भने हेर्न बाँकी नै छ । काठमाडौं उपत्यकाका विभिन्न सडकहरूमा दलको मंगाल खुल्लै राखेको देखिन्छ । खुला मंगाल आफैंमा दुर्घटनाको कारक हो भने त्यसबाट फैलिने दुर्गन्ध र प्रदूषणले जनस्वास्थ्यमा उत्तिकै असर पार्छ । त्यसैगरी खुला मंगालका कारण त्यहाँबाट ढलमा छिर्ने फोहोर प्लास्टिक, ढुंगा, काठका टुक्रा जस्ता कुराले ढल जाम गराएर अर्को समस्या निम्त्याउँछ । त्यसैले यस्ता खुला मंगाल तत्काल ढाक्नेबारे पनि सम्बन्धित निकायको ध्यान जान आवश्यक छ ।

अहिले विकासको काम गर्न बजेटको अभाव छैन । हरेक वर्ष विकासको बजेट फ्रिज हुने गरेको छ । सानातिना विकासका काम स्थानीय जनताको प्रत्यक्ष सहभागितामा पनि गर्न सकिन्छ तर जनतालाई अनावश्यक झन्झटिलो प्रक्रियामा फसाएर दुःख दिने काम गर्ने पहिलाको चलनमा पूरै सुधार गर्न आवश्यक छ । वर्षभरि सुतेर बस्ने र असार लागेपछि बजेट सक्न तात्तिने क्रमले पनि कामको गुणस्तरमा असर पुऱ्याइरहेको छ । विगत वर्षहरूमा जस्तै यस पटक पनि असारे विकासमा पैसाको खोलो बगाएका समाचार सार्वजनिक भइरहेका छन् । आर्थिक वर्षको अन्तिम दिन मात्र ४२ अर्बको चेक काटेर भुक्तानी दिएको समाचार हेर्ने हो भने त्यसभित्र अनगिन्ती रहस्य लुकेका हुन्छन् ।

भ्रष्टाचारजन्य क्रियाकलापले पनि विकास निर्माणका काममा गम्भीर असर पुऱ्याइरहेको छ । ५० प्रतिशत रकम विभिन्न खाले खर्च र भ्रष्टाचारमा सकिने अनि ५० प्रतिशतको मात्र काम हुनाले कामको गुणस्तरमा अत्यन्तै नाजुक बन्ने गरेको छ । पीच भएको एक महिनामै खाल्डा पर्न थाल्ने, पर्खाल भत्किने, बाँध भत्किने, कुलो चुहिने जस्ता समस्या सर्वत्र देखिन्छन् । तलदेखि माथिसम्मको मिलेमतोमा गुणस्तरहीन काम गरेर भ्रष्टाचार गर्ने गरिएकाले अबका दिनमा यस प्रवृत्तिको अन्त्य गर्न जरूरी छ ।

प्रदेश नं. २ बाहेक स्थानीय तहको नेतृत्व निर्वाचन जनप्रतिनिधिले लिइसकेका छन् । विगतमा लामो समयसम्म कर्मचारीको नेतृत्व र दलीय संयन्त्रका नाममा खटिएका व्यक्तिहरूको हालिमुहालीले स्थानीय निकायको विकासमा नराम्रो प्रभाव परेको छ । लामो प्रतिक्षापछि नयाँ संरचनामा आएका जनप्रतिनिधिहरूले अब जनताका आवश्यकता पहिचान गरेर कामलाई गति दिन आवश्यक छ । ठूलठूला योजना र हावादारी काममा अल्झिनुभन्दा पहिला जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने फोहोरमैला व्यवस्थापन, सरसफाइ, बाटाघाटा मर्मत, ढलको उचित व्यवस्थापन, खानेपानीको व्यवस्थापनबाट काम अघि बढाउँदा राम्रो हुन्छ । गरेर देखाएमा मात्र जनताले फेरि पत्याउने छन् । गफ धेरै भयो अब काम गरौं ।

# यस्तो गणतन्त्र सिद्धिनु पनि पर्दछ



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

हालै सम्पन्न स्थानीय चुनावमा राजनीति भनेको उत्कृष्ट समाज सेवा हो, त्यसैले मलाई जिताएमा म तलब लिन्न भन्ने प्रतिबद्धता गर्ने उम्मेदवारहरुलाई मतदाताहरुले तिरस्कार गरेको फल धमाधम देखिन थालेको छ । काठमाडौंका निर्वाचित मेयरले आफूहरुलाई महँगा मोबाइल फोन किन्ने निर्णय गरेलगत्तै राष्ट्रपतिलाई १६ करोडको गाडी किन्ने नयाँ विवाद चुलियो । अहिले अब निर्वाचन आयुक्तहरुले पनि त्यस्तै गाडी माग गरेको सुन्नमा आएको छ ।

केही वर्ष पहिले सांसदहरुलाई विना भन्सारको प्राडो पजेरो आयात गर्ने सुविधा दिई भ्रष्टाचारलाई जस्केलोबाट छिराउन यिनै प्रधानमन्त्री शेरबहादुर सफल भएका थिए भने पुनः उनकै प्रधानमन्त्रित्व कालमा आएर करोडौंको गाडी किन्ने प्रसंगहरु दोहोरिन गएका छन् । केही वर्षअगाडि यस्तै कारणहरुले गर्दा राजा ज्ञानेन्द्रले सार्वजनिक रुपमा नै शेरबहादुरलाई असक्षम भन्दै प्रधानमन्त्री पदबाट घोक्रेठ्याक लगाइ बहुदलीय ब्यवस्था खतम गर्दै आफ्नो पंचायतकालिन प्रत्यक्ष शासन ब्युँताएका थिए । अब यस्तै कुराहरु सतहमा आउँदा कतै राजतन्त्र त ब्युँतिदैन वा सैनिकले कू. त गर्दैन भन्ने नयाँ अनुमान र विश्लेषणहरु आउन थालेका छन् ।

जब प्रजातन्त्रमा सादगीपन, राष्ट्रवाद र सक्षमताले हार्छ तब प्रजातन्त्र प्रजातन्त्र रहँदैन । यो भिडतन्त्र र भ्रष्टतन्त्रमा परिणत हुन्छ । नेपालको इतिहासमा कहिले नभएको अरवौ रुपैयाको भ्रष्टाचारको मुद्दा नेपाली जनताले गणतन्त्रमा देख्दैछन् । कर्मचारी तन्त्रको तहमा यसरी अरबौं रुपैयाँको भ्रष्टाचार हुँदो रहेछ भने राजनीतिक नेताको तहमा खरबौं रुपैयाँको भ्रष्टाचार हुन सक्ने सम्भावना चुनावमा राजनीतिक दलहरुले खर्च गरेको पैसाले स्पष्टै देखाएको छ । पैसाकै चलखेल जब गणतन्त्रको चुनावमा निर्णायक तत्व बन्छ भने के त्यो गणतन्त्रलाई गणतन्त्र मान्ने कि कालाबजारी किनबेच तन्त्र मान्ने विश्लेषणको विषय बनेको छ । यस्तो अवस्थामा कतै गणतन्त्रलाई लुटतन्त्रले सिध्याउने त होइन भन्ने लेखाजोखा सतहमा आउनु स्वभाविकै हो र यस्तो गणतन्त्र राष्ट्रहितको लागि सिद्धिनु पनि

# गुरूस्थाने कृतं पापं बज्रलेपो भविष्यति (२)



**जगदीश लामिछाने**
रौतहट, पौराई

कसै कसैले नेपालकै नागरिकता लिएका मान्छेले विदेशी हुँ जसरी विदेशी राजदूतावास वा व्यक्तिसँग सल्लाह गरी गरी नेपालमा राजनीति गरेको देखिन्छ । कसैले चाहिँ भ्रमबस स्वदेशी भूमिमा गरिएको राजनीतिलाई आफूद्वारा सञ्चालित मान्छन् । यी दुवै थरिबाट स्वदेश आक्रान्त भएको र सम्पूर्ण जनताले युगयुगमा दुःख पाएको देखिएको छ । स्वदेश वास्तवमा गुरु स्थान मान्नुपर्छ । तिउन् चखुवाहरुबाट नेपाली सबै सदैव सतर्क रहँदा मात्र कल्याण हुन्छ । अर्का तेस्रा किसिमका मान्छेहरु पुराना अवस्था जे भए भए अहिले आफ्नो कर्तव्य जननी र जन्मभूमिप्रति पूरा गर्नैपर्छ भनी लागिरहेका हुन्छन् । यी सबै तीनै किसिमका मान्छेलाई स्वदेश विदेश दुवैले हेरिरहेकै हुन्छन् र पहिला दुईबाट विदेशीले त दुःख पाएका हुन्छन् भन्ने स्वदेशले सुख पाउने कसरी ? यसैका लागि प्रजातन्त्रको आवधिक चुनाव नियमित गरी नेताहरु ज्युँदोजाग्दो देशमा छानिइरहेका हुन्छन् । नेपाल पनि प्रजातन्त्रमै विश्वास गर्छ र ज्युँदोजाग्दो सिद्धान्तमा विश्वास गर्ने हुँदा ग्रेटर नेपालमा समयक्रम अनुसार चेतना बढ्दै गएको २००४ सालअघि नै हो ।

(१) २०२९ मा दिवंगत इतिहास शिरोमणि बाबुराम आचार्य बेलाबेलामा भारतमा राजदूत भएका (मोहनशमशेरका छोरा) विजयशमशेरको प्रसंग कोट्याई उनीद्वारा भारतसँग २००७ साउनमा गराइएका र २००७ कात्तिकमा १४ गते गराई लगत्तै श्री ५ त्रिभुवन भारतमा सातै दिनमा बोलाइएका क्रमशः भारत बेलायतका सन्धि पल्टाई हेर्न लगाइरहन्थे । त्यो सन्धिका नेपालका लागि नकारात्मक पक्षबाहेक ग्रेटर नेपाल पक्षका प्रशंसा गरिरहन्थे । त्यस समयको निकैपछि नेता मदन भण्डारीले विशाल नेपालको कुरा कोट्याए । रंगमञ्च साप्ताहिक वर्ष १ अंक ५ मै हो, र यी कुरा देशभर प्रचार भयो । त्यो पत्रिकाले बराबर जनविचार पनि छाप्दै गयो । २०४७ चैतको त्यो चेतनामा २०४७ को नेपालको संविधान पनि सहयोगी भयो । उनै मदन भण्डारीका सहयोगी सुरेन्द्र ढकालले २०४८ देखि धाराबाहिक र विचलनबिना नियमित रुपमा विदेशी हस्तक्षेप र ग्रेटर नेपालको प्रसंग उठाई देशभर प्रचार गराइरहे । यतिमात्र होइन ठाकुर वेल्वासेले 'विशाल नेपाल' नामक संकलित किताब निकाल्दा ग्रेटर नेपालको सौभाग्य नै भयो । त्यसपछि अझै अन्तर्राष्ट्रिय स्तरमा बेलायतमा २०५० मा कनकमणि दीक्षितको १९९३ मार्च २२,२३ को विस्तृत अंग्रेजी लेखको अंग्रेजी नेपाली ग्रेटर नेपालको वर्णन महत्वपूर्ण छ त्यो उनैको हिमाल पत्रिकामा छापिएकै छ । उनै सुरेन्द्र ढकालले नियमित रुपमा ग्रेटर नेपाल साप्ताहिक आजसम्म निकालिरहेछन् ।

(२) उता योगी नरहरिनाथको र प्रा.फणिन्द्र नेपालको ग्रेटर नेपाल पाउनैपर्ने भन्ने छुट्टाछुट्टै रिट सर्वोच्च अदालतमा पऱ्यो २०५३ तिरै र दुवै रिटले ग्रेटर नेपाल नेपालकै हो भनी दाबी गरे । फणिन्द्र नेपालको धारावाहिक रुपमा प्रत्येक हप्ता ग्रेटर नेपालसम्बन्धी लेख छापियो कान्तिपुर दैनिकमा र व्यापक प्रचार भयो (प्रा.फणिन्द्रकै राष्ट्रवादी मोर्चा गठन भयो ।)

(३) विद्वानहरुमा बुद्धिनारायण श्रेष्ठको 'नेपालको सिमाना' नामक किताब २०५७ मा छापिएर मदन पुरस्कार पनि पायो । त्यसमा पनि ग्रेटर नेपालको दाबीमा पुराना १८१६ इ.सं. ताका त्योभन्दा नजिकैका नक्साहरु पनि देख्न पाइयो । अरुहरुले पनि लेखे ।

(४) प्रा.फणिन्द्र नेपालसमेत आफ्नो मोर्चाद्वारा जुलुस उजुरी लेखबाट कानुनअनुसार टिस्टा काँगडा सारनसहित नेपालै हो भनी बेलाबेलामा भारतीय राजदूताबास गइरहँदा पक्राउ पर्दै छुट्दै आएकै छन् । भारत तथा नेपालले ४ ।४ प्रबुद्ध व्यक्ति खटाई पालैपालो भारत नेपालमा बैठक हुँदैछ । तैपनि विपक्षी भारतबाट केही नभएको झैं बेलाबेलामा सिमाना मिचिँदैछ, नेपाली राजनीतिमा हात हालिँदैछ । नाकाबन्दी हुँदैछ ।

(५) हामी नेपालीले दुःखसाथ आर्जन गरेको तलब खानेहरुको स्वभाव अविश्वासी नै छ । त्यो पनि हेरौं । यसैकारण सम्पूर्ण दलहरु नेपाली जनताका आँखामा निस्तेज लागेका हुन् । यही लेखककै ०७३ ।७ ।५ को प्रकाशित यो दोस्रो भाग हो ।

५(क) ग्रेटर नेपालको समर्थनमा देशका ठाउँठाउँमा कपडामा लाखौं हस्ताक्षर भएर आए । हाम्रै तलबजीवी सांसदहरुको विचारार्थ केही लाख हस्ताक्षर प्रतिवेदनसहित सभामुख सुवास नेम्बाङकै पालामा संसद भवनमै मोर्चा गएर रीतपूर्वक बुझाइयो । ती हस्ताक्षर र प्रतिवेदन न सभामुख सुवास नेम्बाङका पालामा संसदमा विचारार्थ पेश भयो न वर्तमान सभामुख ओमसरी घर्तीका पालामा पेश भएको बुझियो । आफ्नै नेशको सिमानाको विचार नगर्ने तलबजीवी सांसदहरुको कर्तव्य यही हो ?

५(ख) हाम्रै नेपाली दुःखी जनताको कमाइबाट तलब खाने २०४८ देखि आजसम्मका मन्त्रिमण्डलले कमल थापा परराष्ट्र मन्त्री हुँदा प्रबुद्ध समूह गठन भेषबहादुर थापा, राजन भट्टराई, निलाम्बर आचार्य, पूर्व अख्तियार प्रमुख सूर्यनाथ उपाध्यायलाई तोकेको बाहेक आफ्नै देशको कानुनसम्मत सीमा कुन

## अबको क्रान्ति : पर्यावरणीय

सुदर्शन प्रधान

# बागमती सफाइ अभियान, सफल पारौं

बागमती नदीको सरसफाइ गर्ने समाजसेवी तथा प्रकृतिप्रेमी स्वर्गीय हुतराम वैद्यले थालेको अभियान हरेक शनिबार चलिरहेछ । सो अभियानमा महिला, विद्यार्थी, कलाकार, पत्रकार, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि, सेना, प्रहरी, प्रशासकदेखि व्यापारी, बुद्धिजीवी, उद्यमीहरूले पनि भाग लिइर हेछन् । यो राम्रो अभियान हो तर बागमतीको स्थायी सफाइ र असली सफाइ कसरी हुन्छ ? यसबारे पनि सोच्नुपर्ने सबैको कर्तव्य हो । किनभने बागमती नदी किनारका प्लास्टिक, कपडा, कागज, जुत्ता, बोरा, सिसालगायत फ्याँकिएका यावत् प्रदूषित वस्तुहरू अभियानसँगसँगै बागमतीमा अबदेखि कसैले पनि फ्याँक्न पाउने छैन भनेर कडा उर्दी दिनुपर्छ । नदीको शिरदेखि पुछारसम्म किनारमा बस्ने बासिन्दाहरूलाई उर्दी मात्र होइन, निगरानी र जनचेतना व्यापक जगाउनुपर्छ । अनि दण्ड र पुरस्कारको नीति पनि अपनाउनुपर्छ । साथसाथै फोहोर वस्तुहरू सङ्कलन गर्ने र उठाएर लैजाने व्यवस्था पनि प्रभावकारी हुनुपर्छ । अन्यथा प्रदूषित कुराहरू जनताले घरदेखि पायक जुनसुकै ठाउँहरूमा फ्याँक्न बाध्य हुनेछन् भने सहरभरिको फोहोरको ढल बागमतीमै मिसाइएको छ ।

गत असार १५ गते बल्खुका रोहित के.सी. भाइलाई लिएर म पनि तिलगङ्गा पुगेको थिएँ । पानी झमझम परिरहेको थियो । पर्यटनमन्त्री रामकुमार श्रेष्ठको भाषण र अरू नाचगानतिर वास्ता नगरी हामी दुवै नदीकिनारतर्फ लाग्यौं र झन्डै १ घण्टामा हामीले १ क्विन्टलजति प्लास्टिक, कपडा, जुत्ता, छाता, सिसा आदि कुराहरू सङ्कलन गऱ्यौं । स्कुलका विद्यार्थीहरूका हुल आएपछि हामीले ठाउँ छोड्यौं । त्यस बेला मैले मनमनै भनें, 'नदीकिनारका जनतामा व्यापक चेतना र फोहोर सङ्कलनमा तिनको संलग्नता अनि यहाँको महानगरपालिकाले फोहोर उठाउने कार्य राम्ररी गर्ला वा नगर्ला ? गरे राम्रै होला, नगरे अर्को बाढी आउँदा हामीले जम्मा गरेको ठाउँमा अर्को २ क्विन्टल फोहोर आइपुग्नेछ । बागमती सरसफाइ अभियान सञ्चालन गर्नेहरूसँग यो चेतना र कार्यक्रम छ कि छैन ? अन्यथा हजारौंको परिश्रम हावामा उड्नेछ ।

बागमती नदीका सहायक नदीहरू थुप्रै छन्– विष्णुमती, इच्छुमती, रूद्रमती, मनहरा र तिनका शाखा–प्रशाखा झन्डै पचासवटा खोलाखोल्सीहरू । तीमध्ये मध्यसहरबाट बग्ने खोलाखोल्सीहरूले उच्च प्रदूषण र



दुर्गन्धित तरल र ठोस पदार्थहरू बागमतीमा मिलाउँछन् । त्यसको मूल स्रोत भव्य भवनहरूमा बस्ने मानव नै हुन् । यी सबैलाई नियन्त्रण गरेर मात्र बागमतीमा स्वच्छ पानी बग्न सक्छ । यसमा सर्वप्रथम काठमाडौं महानगरपालिका, अनि ललितपुर उपमहानगरपालिका र भक्तपुर, मध्यपुर नगरपालिकावासीहरू सचेत र सक्रिय बन्नुपर्छ । प्रदूषण बढाउने पदार्थको व्यवस्थापनका लागि हातमा कानुन, अरबौंको बजेट, हजारौं मजदुर र सयौं साधनहरू भएको निकाय जागरूक बन्नुपर्छ । अरू स्वयम्सेवीहरूको प्रयास भनेको अस्थायी मात्र हो ।

बागमतीको पानीमा ७ प्रतिशत औद्योगिक प्रदूषण र ९३ प्रतिशत मानवीय प्रदूषण छ । त्यसमा मूलतः मलमूत्रहरू पर्छन्, जसले यहाँका जलचरहरू करिब लोप भइसकेका छन्, पानी विषसरह बनेको छ र वायुमण्डलमा दुर्गन्धको मुस्लो फैलिएको छ । सहरका जनता रोगी बन्नुमा यो दुर्गन्धको ठूलो भूमिका छ । कुनै बेला अर्थात् २०४० अगिसम्म यहाँका परिश्रमी जनता मलमूत्रलाई मलको रूपमा प्रयोग गर्थे आफ्ना खेतबारीमा अनि तरकारी, सागसब्जी, अन्न र फलफूल उत्पादन गर्थे, जुन बेला अन्न र तरकारीमा यो उपत्यका आत्मनिर्भर थियो । अब सम्बन्धित निकायहरूले उच्च प्रविधिमार्फत मल मात्र होइन, तिनबाट इन्धन पनि उत्पादन गर्न सक्छन् । साङ्घाई, टोकियो, लन्डन, न्युयोर्क सहरहरूको भ्रमणमा राज्यको तलबभत्ता मात्र पचाउने प्रवृत्तिले जाने होइन, त्यहाँ फोहोरमैला व्यवस्थापन कसरी भइरहेछ ? भनी व्यवहारत सिक्नु र यहाँ लागू गनुपर्छ । त्यसै गरी त्यस्तो विचार, व्यवहार र शक्तिलाई सम्पूर्ण स्रोतसाधनहरू हस्तान्तरण गर्नुपर्छ । यसमा व्यापक जनदबाबको खाँचो पर्न सक्छ । किनकि आफ्नो सत्तास्वार्थका लागि कहिले डम्पिङ साइटका जनतालाई मैदानमा उतार्ने त कहिले फोहोर सङ्कलन गर्ने मजदुर र कर्मचारीहरूलाई सङ्घर्ष, बन्द र हड्ताल गर्न लगाउने यी राजनीतिक पार्टीहरूले विगतमा हप्तौंहप्ता सहरबजारका चोकचोकहरूमा प्रदूषण र दुर्गन्धको महोत्सव प्रदर्शन गरेको जगजाहेर छ ।

बागमती सफाइमा बैङ्किङ नीतिको पनि ठूलो भूमिका हुन्छ । किनभने गाउँका व्यापक जनतालाई आआफ्नो घर, जग्गा धितो राखेर सरल र सस्तो ब्याजमा कृषि, पशुपालन र उद्योग, व्यापारमा कर्जा र प्रविधि दिने हो भने देशभरिबाट यहाँ मान्छेहरू ओइरो लाग्दैनथे । कृषि विकास बैङ्कलगायत देशमा धेरै बैङ्कहरू छन् तर ती मूलतः नाफामुखी छन् । अब त्यसलाई सस्तो ब्याज र बिनाधितो पनि व्यापक जनतामा ऋण प्रवाह गर्ने नीति बनाएर जानुपर्छ । तब काठमाडौंलगायत सहरबजारमा मान्छेहरूको घुइँचो नियन्त्रण हुन्छ । यसमा विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्कजस्ता प्रभावशाली

# मैले देखेको पाँचौं विश्व सम्पदा : इटलीको सिराकुसा


सुरेन्द्र ढकाल




सिराकुसामा भएका प्राचीन भग्नावशेष




नजिकबाट हेर्दा नेक्रोपोलिसको केही अंश



नेक्रोपोलिसको अग्र भाग



परबाट हेर्दा देखिने नेक्रोपोलिस



सिराकुसामा भएको ग्रीककालीन खुला नाट्यशाला

मेरो इटलीको उच्च अध्ययनका क्रममा सन् १९८५ को पहिलो वर्ष म इटलीको सुदूरदक्षिणमा रहेको रेज्जो कालाब्रियास्थित सार्वजनिक प्रशासन स्कुलको विद्यार्थी थिएँ । सो समूहमा हामी एसियाका नौ जना अनि अफ्रिकाका २६ जना गरी जम्मा ३५ जना थियौँ । तर भाषाको आधारमा हामीलाई वर्गीकरण गरिएको थियो । जसअनुरूप हामी अंग्रजी बोल्ने समूहमा नेपाल, थाइलैण्ड, मलेसिया, जोर्डन, इण्डोनेसिया, नाइजेरिया र इथोपिया थियौं भने फ्रेन्च भाषा बोल्ने समूहमा नाइजर, सेनेगल, जायरे, सोमालिया, सुडान आदि थिए ।

हामीलाई इटालियन भाषा पढाउने शिक्षिका पनि सोहीअनुरूप तय गरिएको थियो । अंग्रेजी समूहको लागि अंग्रेजी भाषाको ज्ञान भएको इटालियन भाषा पढाउने शिक्षिका र फ्रेन्च समूहको लागि सोही भाषा जान्ने इटालियन भाषा पढाउने शिक्षिका तय गरिएको थियो । ३ महिनाको इटालियन भाषाको परीक्षामा उत्तीर्ण हुनसके मात्र ६ महिनाको पूर्वसेमेस्टर र त्यसमा उत्कृष्ट अंक ल्याउन सकेमात्र रोमको दोस्रो वर्षको पढाइ गर्न पाइने पूर्वशर्तअनुरूप हामीलाई इटालियन सरकारले छात्रवृत्ति उपलब्ध गराएको थियो । त्यसकारण हामी सबैको लागि पहिलो चुनौती इटालियन भाषा राम्रोसँग सिक्नुपर्ने अनि दोस्रो चुनौती पूर्वसेमेस्टरमा उत्कृष्ट अंक ल्याई पास गर्नुपर्ने थियो ।


नोभेम्बरदेखि जनवरीको पहिलो त्रैमासिक पढाइ सकेपछि हामीलाई सिसली टापु घुमाउन लगिएको थियो । भ्रमण लाने क्रममा अनि होटलमा राख्ने क्रममा पनि अंग्रेजी र फ्रेन्च समूह गरी हामीलाई त्यहीअनुसार ब्यवहार गरिन्थ्यो । हाम्रो भ्रमण मेसिना, पालेरमो हुँदै पहिलो प्राचीन ऐतिहासिक सहर सिराकुसा पुगेको थियो ।

**सिराकुसा**

सिराकुसा इटलीको सिसली टापुमा रहेको एक प्राचिन ऐतिहासिक सहर हो । यो सहरको नाम सिराकुशा भनेर भिवियस सेक्वेष्टरले राखेका थिए । यस सहर ग्रिक इतिहास, संस्कृति, कला र वृहत खुला नाट्यशाला (एम्पिपथएटर) को लागि प्रख्यात छ । यही सहरमा प्रख्यात गणितज्ञ तथा इञ्जिनियर आर्केमेडिजको जन्म भएको थियो । यो सहरको स्थापना प्राचीन ग्रिक कोरिन्थ्यान र टेनेआन्सहरूले इशापूर्व ७३४ देखि ७३३ बीचमा गरेका थिए । सिराकुसा स्पार्टा र कोरिन्थहरूसँग घुलमिल भएको हुँदा विशाल ग्रिक (Magna Graecia) मा यसको ठूलो प्रभाव थियो । इसापूर्व पाँचौं शताब्दिमा त सिराकुसा ग्रिसको राजधानी एथेन्स जतिकै विकसित थियो । पछि गएर ग्रिसबाट स्वतन्त्र हुँदै सिराकुसा रोमन गणतन्त्र र विजान्टाइन साम्राज्यको अधिनमा पर्न पुग्यो । पछि पालेरमो सिसली टापुको राजधानी भएपछि सिराकुसा विस्तारै ओझेलमा पर्न गयो ।

सन् १८६० मा इटलीको एकिकरण हुनुपूर्व सिराकुसा नेपल्स अधिराज्यसँग एकत्रित थियो । यस सहरको नाम क्रिश्चियन धर्मग्रन्थ बाइबलमा पनि उल्लेख छ किनकि सेन्ट लुसीका मुख्य धर्मगुरूआमाको जन्म त्यहीँ भएको थियो । अहिले पनि डिसेम्बर १३ तारिखका दिन त्यहाँ उनको जन्मजयन्ति मनाइने गरिन्छ । सन् २००५ देखि नै सिराकुसा ग्रिककालिन खुला नाट्यशाला ९ब्उष्तजभबतचभ० र महत्वपूर्ण भग्नावशेषहरूको कारण यूनेस्कोको विश्व सम्पदा सूचीमा छ । यो सूचीमा पर्नुको कारण सिराकुशामा भएको ग्रिककालिन पान्टालिकाको नेक्रोपोली भएर नै हो ।

नेक्रोपोलि पान्टालिका चट्टानलाई खोपेर बनाइएको आम चिहान हो । यो १३ देखि ७ इशापूर्वबीच बनाइएको थियो । यस नेक्रोपोलीभित्र ५ हजार चिहान रहेका छन् । यो सिराकुशा सहरको २३ किलोमिटर उत्तर पश्चिममा रहेको छ । नेक्रोपोलिस चुन ढुंगे पहाड खोपेर बनाइएको प्राचीन चिहानको कारणले मात्रै नभई त्यहाँ रहेको गुफा र त्यस क्षेत्रमा पाइने चराचुरूंगी र वनस्पतिको कारण पनि प्रख्यात छ ।



टावरमिना सहरको मुख्य भागमा सुरेन्द्र ढकाल सन् १९८६ को जनवरीमा



सिराकुसाको मेयरले दिएको दिवाभोजमा सुरेन्द्र ढकाल अन्य विदेशी विद्यार्थीको साथमा

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

- लागूऔषध सेवनले सुख, शान्ति र सम्वृद्धिमा क्षति पुऱ्याउँदछ ।
- स्वच्छ जीवन, उच्च विचार: लागूऔषध गरौं बहिस्कार ।
- लागूऔषध खेलवाड होइन, यसबाट बचौं र बचाऔं ।
- लागूऔषध बेचविखनकर्ता समाजका अपराधी हुन् ।
- लागूऔषध अपराधको सूचना प्रहरीलाई दिउँ ।
- तपाईंको छिमेकमै लागूऔषधको कारोवारी हुन सक्छन्, थाहा पाउनासाथ प्रहरीलाई खबर गर्नुहोस् ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ भगीरथ अवस्थी

# दिवंगत रामहरि जोशीप्रति शब्द श्रद्धाञ्जली

जातस्यहि धुव्रोर्मृत्यु

● शिवप्रसाद दाहाल

जातस्यहि धुव्रोमृत्यु- जो जन्मन्छ, त्यो कुनै न कुनै कारणले नमरी छोड्दैन । ०७४ साल असार २९ गते ग्रान्डी अस्पतालमा अपरान्ह ७ बजे दिवंगत हुनुभएका हामी सबैका र मेरा चाहिँ पटक पटक पुलिस हिरासत, जेल, निर्वासन इत्यादिका सहयात्री ९२ वर्षीय दिवंगत श्री जोशीलाई यो सानो लेखबाट शोक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना अर्पण गर्दछु ।

जोशी मेरा विशेष र अभिन्न मित्र हुनुहुन्थ्यो । हामी पञ्चायती शासनमा एउटै जेलमा पर्दा सँगै सुत्थ्यौं, मलंगवा उहाँको घरमा जाँदा एउटै पलङ्मा छेउछोउमा हामी सुत्थ्यौं र हाम्रो बीचमा उहाँका भतिजा विष्णु र स्व. गीताका पुत्रद्वय आलोक र अमित सुत्थे र जोशी उत्तरी सर्लाही भ्रमणमा आउँदा मैरे घरमा मात्र बस्नुहुन्थ्यो । यो क्रम मन्त्री पद परित्यागपछि पनि हामीबीच निरन्तर रह्यो । उहाँको विषय अध्ययनको समयमा विज्ञान थियो र साथी थिए जयनारायण गिरी र तुलसी गिरी । परन्तु कलकत्तामा डाक्टरी पढ्दापढ्दै बीचैमा छाडेर सक्रिय राजनीतिमा हाम्फाल्नु भयो । २००३ सालमा बनारसस्थित वयोवृद्ध देवीप्रसाद सापकोटाको सभापतित्वमा राष्ट्रिय कांग्रेसको स्थापना भएको केही समयपछि पार्टीको नाम सन्तोषजनक नभएपछि जेलमा रहेका टंकप्रसाद आचार्यको अध्यक्षता र बीपीको कार्यवाहक अध्यक्षमा संशोधित राष्ट्रिय कांग्रेस पार्टी स्थापनामै राणाविरुद्ध भारतबाट सक्रिय राजनीति भूमिगत हुँदै काठमाडौंमा सञ्चालित भयो ।

यता विराटनगर जुटमिलमा सरकार पक्षका मालिकहरुले मजदुर कर्मचारीहरुलाई श्रम र आर्थिक शोषण गरेकाले मजदुरहरुका नेता मनमोहन अधिकारी गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा आन्दोलन भइरहेकोमा रा.का.का का.वा.अध्यक्ष बीपी, भारतीय सोसलिस्ट पार्टीका नेता र कार्यकर्ता साथै महिलाहरु श्रीमती दिव्या कोइराला, इन्दिरा, नलिनी, कामिनी आदि वरिष्ठ महिला नेतृहरुसहित गिरफ्तार हुनुभयो । उहाँहरु सबैलाई धनकुटा लगियो र भारतीय नेता, कार्यकर्ताहरुलाई विदेशी भनेर छाडियो । महिला नेतृहरु एवं गोपालप्रसाद भट्टराईहरुलाई धनकुटा जेलमा राखियो भने बीपी, मनमोहन, तारिणी, गिरिजाहरुलाई पैदल धनकुटाबाट हिँडाउँदै काठमाडौं कारागारमा चलान गरएको थियो ।

यसै क्रममा रामेछापको भंगेरीस्थित पाटीमा बीपीहरुलाई राखिएको अवसरमा यो पंक्तिकारको पहिलो भेट भयो र बीपीसँग म पनि तपाईंकै अनुयायी राजनीतिकर्मी हुन्छु भने पश्चात बीपीसँग सम्पर्क हुँदै गणेशमान, सुवर्ण, रामहरि जोशीसँग सम्पर्क भई २०५२ सालसम्म नेका पार्टीमा र त्यसपछि गणेशमान, जगन्नाथ र मलाई गिरिजा, महेन्द्रनारायण निधिहरुले पार्टीबाट निकाले पनि गणेशमानले पछि खोल्नुभएको जनकांग्रेस पार्टीको प्रमुख भएर डा. डिल्लीरमण रेग्मीले अन्तिम अवस्थासम्म राष्ट्रिय कांग्रेस पार्टीलाई जीवित राखेझैँ मैले गरिआउँदा पनि जोशीसँग मीठो सम्बन्ध रह्यो ।

२००५ सालअघि नै जोशीका पिता तीर्थलाल जिम्दारले कांग्रेस पार्टी छोड, राणाहरु जनताका अन्नदाता हुन्, हामीले निमेकको सोझो गर्नुपर्छ भन्दा रामहरिले मर्ने भए पनि कांग्रेस पार्टी छोड्दिन र राणाहरुका अन्नदाता चाहिँ हामी जनता हौं, हामीले अन्न नउब्जाए राणाहरुले खान पाउँदैनन् भनेपछि पिता जिमिदार तीर्थलालले तत्कालीन गोश्वाराका बडाहाकिम तिलकशमशेरलाई मेरो छोरो रामहरिलाल राजद्रोही नेपाली कांग्रेस हो, अहिले मलंगवा घरैमा छ, तुरुन्त जेलमा हाल्नुपर्छ भनेपछि बडाहाकिमको आदेशले अमिनिका हाकिम बद्रीमान लप्टनले जेलमा हालेका थिए । यस्ता निर्भिक अजेय पुरुष निरंकुश जिम्दार पिताका पुत्र बाबुसँग विद्रोह गरिलड्ने कांग्रेसका अहिलेसम्मका एक मात्र जीवित संस्थापक नेतालाई ०७४ ।३ ।३१ को कान्तिपुर दैनिकमा कुलचन्द्र न्यौपानेले ००७ सालपछिका नेका किसुनजी, महेन्द्रनिधिभन्दा कनिष्ठ नेता जोशीभन्दा म छक्क परेँ । न्यौपानेलाई थाहा रहेनछ ।

रामहरिभन्दा किसुनजी, गिरिजा, निधिहरु धेरै कनिष्ठ नेता हुन् । गिरिजाबाबु नेता हुनुभएको प्रात:स्मरणीय मातापिता, जेठाबा सरदार कालीदास, मातृका, बीपी, तारिणी, केशव, भाउजुहरु सुशीला, रोशा, नोनाहरु र प्रेमविवाह गर्नु हुने बाहिनी विजयलक्ष्मी समेतको नाता भँजाएर राजनेता होइन, खलनेता हुनुभएको हो । यसैगरी किसुनजी विश्वनाथ, संकटाप्रसाद दाजुहरुत्रय बटुकप्रसाद, नारायणप्रसाद, गोपालप्रसादको नाता भँजाएर हास्य अभिनेता हुनुभएको र किसुनजीले निधिलाई हाइलाइट गरी नेता बनाउनुभएको हो । बीपीका महान अनुयायी एवं भतिजा प्रात:स्मरणीय सहिद सरोजप्रसाद कोइरालाको उल्लेखै गर्नुभएन, सहिदकी धर्मपत्नी पूर्वमन्त्री एवं वर्तमान सांसद श्रीमती लीला (मैयाँ) कोइराला हुँदै हुनुहुन्छ । उहाँलाई वरिष्ठ नेता को हो पूरा थाहा छ । बहालवाला प्रम एवं अध्यक्षलाई चुनावमा हराउने, सर्वोच्च नेतालाई हत्या गर्ने दुष्प्रयास गर्ने राष्ट्रघाती महाकाली सन्धि गर्ने, १ करोडभन्दा बढी भारतीयलाई नागरिकता दिने र यसको समर्थन गर्नेहरु के गरी नेता हुन्छन् ?

कुत्सित विचारधारी पूर्व प्रम गिरिजा, किसुनजी र यस्तै पूर्व महामन्त्री निधिले केन्द्रीय सदस्य नगराइको भए पनि स्वत:स्फुर्त पूर्वोक्त तीनैजनाभन्दा अब्बल दर्जाका ठूला नेता रामहरिसँग म २००४ सालदेखि रा.का.र २००६ ।१२ ।२८ गतेदेखि नेका सदस्य हुँदै आएको म राजनीतिकर्मी हुँ । सहिद सरोजबाबु, रुद्रप्रसाद गिरी र डा. झिंगुर जो सोनवरसामा बस्नुहुन्थ्यो । हामी तमाम कांग्रेसहरुलाई धेरै नैतिक सहायता उहाँले गर्नुभयो । मलाई राजनीतिक ज्ञान दिलाउने अभिभावक मेरा मावली दाजु अनन्तराज सिन्धुलीको जेठो नेका हुनुहुन्थ्यो भने दोस्रोमा म परेको रहेँछु । सर्लाहीको रामहरि जोशी र सोनवर्सामा हाम्रा अनन्य शुभचिन्तक डाक्टर झिंगुर ।

बीपीका जेठा बुबा सरदार कालीदासका एक मात्र सुपुत्र भैरवप्रसाद हुनुहुन्थ्यो । उहाँका तीनवटी धर्मपत्नी । महामाया, मनोरमा र चिनिमाया । छोराहरु अम्बिकाप्रसाद, गोविन्दप्रसाद, कामक्षाप्रसाद, सरोजप्रसाद र रामेश्वर प्रसाद कोइराला हुनुहुन्थ्यो । ००७ सालको क्रान्तिअघि मैले जनकपुर र सर्लाहीका चिनेका नेताहरु । प्रमुखमा सरोजप्रसाद कोइराला, रुद्रप्रसाद गिरी, सर्लाहीका रामहरि जोशी र सोनवर्साका डा. झिंगुर । यो संक्षिप्त लेखमा मैले जे जति लेखेको छु जोशीका ४ जना भतिजाहरु विष्णु, सुभाष, सुशील, सुनीलहरुसँग विद्वान स्तम्भकार कुलचन्द्र न्यौपानेले कृपा गरेर सत्यासत्य पत्ता लगाउन विनम्र अनुरोध गर्दछु । अर्को कुरा ०७४ ।४ ।१ को अन्नपूर्ण पोस्टमा अर्का विद्वान डा. युवराज संग्रौलाले प्रकाशित गर्नुभएको लेखमा रानी कुकहोपले आफ्ना पति सिक्किमका राजा चोग्याललाई गुम्राह गराएर भारतलाई समर्पण गराउन भूमिका निर्वाह गरेकी भन्नुभएको रहेछ । यो कुरा अत्यन्त झूट हो । रानी ग्याल्मोकी सौता कुकहोपले त सबै सिक्किमे जनतासँग समान व्यवहार गर्नुहोस् कसैलाई काखा कसैलाई पाखा नगर्नुहोस् यसो गरेमा हाम्रो राजतन्त्र सुरक्षित रहन्छ भनेकी थिइन् । परन्तु इन्दिरा गान्धी एवं रअको जालमा परेका चोग्यालले नमानेपछि आफ्ना दुई छोरी लिएर कुकहोप कहिल्यै नफर्किने गरी आफ्नो देश न्यूयोर्क फर्केको केही वर्षपछि भारतले डकैती पाराले कब्जा गरेको हो । जोशीसँग रहँदाका अगणित रोमाञ्चक घटनाहरु भए पनि १ ।२ वटा लेख्न अनुमति चाहन्छु ।



### करिब आधा घन्टा चर्पीमा

पञ्चायतकालको आरोहअवरोहको क्रममा अनेकानेक घटनाहरु घटे । यसमध्ये एउटा घटना घट्यो । वि.सं. २०३९ ।९ ।१६ गतेको राष्ट्रिय मेलमिलाप दिवसको दिन जोशीकै मलंगवा निवासको आँगनमा हामीले रा.मे.मि.दिवसको महत्व र बीपीबारे चर्चा परिचर्चा गर्दै थियौं, अलिअलि सिमसिम पानी पर्दै थियो । भिजेरै कार्यसञ्चालन हुँदाहुँदै केही प्रहरी जवानहरु आएर सीडीओ साहेबले तपाईंहरु यो कार्यक्रम बन्द गर्नुहोस् भन्नुभएको छ, रोक्नुहोस् भने । हामीले सकेपछि बन्द गरिहाल्छौं नि भन्यौं । उनीहरु फर्के, फेरि अर्को टोली आयो । यसै भन्यौं, त्यो पनि फर्केपछि अर्को टोली १२ ।१५ जना सशस्त्र प्रहरी आएछन्, जोशीको छतको लुगा उठाउन गएका महिलाहरुले कराएर भने- पुलिसहरु पक्रन धेरै आए भनेपछि हाम्रा १ जना साथी रामआशीष गुप्ता चर्पी मित्र जानुभएछ र चुकुल बन्द गर्नुभएछ । यता पुसको महिला वर्षा भइरहेको थियो, जाडोको बेला घरीघरी पिसाब र दिसा लाग्ने २० ।२२ जनाको जहान वृद्धवृद्धा बिरामी दिउँसोदेखि रातिसम्म भित्रबाट थुन्दा ठूलो समस्या परेछ भने । हामीलाई कार्यालयको चर्पीमा थुन्यो । करब आधा घन्टापछि सीडीओ मन्जुलकुमार याक्थुम्बा खोई ? नेताजीहरु कहाँ हुनुहुन्छ भनेको हामीले चर्पीभित्रैबाट सुन्यौं । जबाफमा त्यसबखत जिल्ला प्रहरी प्रमुख इन्स्पेक्टर मोहन सुब्बा (लिम्बू) थिए । उनले चर्पीभित्र हुनुहुन्छ भनेपछि सीडीओले नेताहरुलाई किन चर्पीमा थुनेको भनेर हप्काएपछि प्रहरी प्रमुख मोहन सुब्बाले आक्रामक मुद्रामा प्रस्तुत भई तैंले चर्पीमा थुन्नु आज खान पनि नदिनु भनेर आदेश दिएको होइनस् ? तँ फलानाथोकलाई भनेर पिटन आँटेपछि जोशीले लौ दहालजी नराम्रो दुर्घटना हुने भो के गर्नु भनेपछि दुवै इन्सपेक्टर र सीडीओहरुलाई सम्बोधन गरेर भनेँ, तपाईंहरु दुर्वजना हाकिम जिल्ला प्रमुख एक ढिक्के सरकारी अंग हामी तपाईंहरुका विपक्षी, तपाईंहरु आफूबीचको अन्तरकलह जगजाहेर गर्नुहुन्छ ? कोठाभित्र गुप्तरुपमा मनोमालिन्यता हटाउनु पर्दैन ? भनेर मैलेभन्दा इन्स्पेक्टरले मेरो मुख हेरेको अवस्थामा सीडीओ याक्थुम्बाले टाप ठोकेछन् । पछि इन्स्पेक्टरले सीडीओलाई हेर्दा नदारद । भागेछ नत्र त्यस...लाई ठिक गर्ने थिएँ । मलाई चाहिँ चर्पीमा थुन्नु, उनीहरुलाई खान पनि नदिनु भनेको थियो त्यसैले अहिले नेताहरुको जाति हुन खोज्दोरहेछ, म पुलिसकै रासन खुवाउँछु भनी राती खुवाएका थिए ।

### राँगा भैंसी खाने वीरलाई माइक्रोस्कोपले पनि नदेखिने जाबो भाइरस, बेक्टेरिया

प्रसंग २०४६ साल उत्तरार्द्धको सर्लाही जेलमा बस्दाको घटना हो । म चाहिँ बिहान बेलुकै झिँगा, कीरा, फट्याङ्ग्राको घीनले चाँडै भात खान्थेँ । एक दिन बेलुका जोशी, धिरेन्द्र, बबनविहारी सिंह, वासु आदि साथीहरु जेलको कोरिडोरमा लाइन लागेर खान आँटेकै बेला हाम्रा जँड्याहा, गँजडी आदिमा कुख्याति कमाएका साथी शिवचन्द्र तिवारीले डल्लो लोटामा पानी हालेर थालमाथि राखेर हल्लाउँदै मस्ताना भएर गुनगुनाउँदै भात खान आँटेका साथीहरुको बीचबाट हिँड्दै गर्दा लोटा संयोगवश कसैको पनि टाउकामा नलागी माझ दलानमा सानोतिनो बम पड्केको आभास दिलाउँदै हाम्रा आँखा अगाडि बज्रपात भएझैँ प्रक्षेपण भयो । साथीहरु सबै सुरक्षित हुनुहुन्थ्यो, परन्तु उहाँहरुले खान आँट्नुभएको कैदीको ८४ व्यञ्जन भने रामहरि जोशी अलग्ग छेउमै हुनाले अलि अलि मात्र कालोकण परेछ भने अरु साथीहरुको हेरिनसक्नु थियो ।

शिवचन्द्र भाइ तिमी ज्यादै नराम्रो हर्कत गर्छौ हेर जेलको राशन, खाउँ भने यस्तो हुलिया बिग्रेको खाना नखाउँ भने भोलि बिहानसम्मको व्रत भन्नुभयो भने बबन विहारी आक्रामक मुद्रामा प्रस्तुत हुँदै स्साला तिवारी हर दिन इस तरहका बदमासी करता है भन्दै कराउँदै हुनुहुन्थ्यो भने धिरेन्द्रले चाहिँ हामी कत्राकत्रा जखमले राँगा भैंसी, सुँगुर र बंगुर खाने बहादुर यो जाबो माइक्रोस्कोपले पनि नदेखिने किटाणु । यी मैले त खान सुरु गरेँ भनेर खान थाल्नुभयो । अरु साथीले माथि माथिको कालो पुछ्दै खान सुरु गर्नुभयो भने जोशीकोमा संयोगवश अलिअलि छिटा परेकोले माथिको परत हटाएर खानुभयो ।

त्यही जाँड, रक्सी, गाँजा भाङ सबैथोकका व्यसनी शिवचन्द्र तिवारी नेपाली कांग्रेसकै सदस्य थिए । पुलिस कस्टडी, जेल आदि इतयादिमा हामी साथीहरुलाई पनि हैरान पार्थे । ०४८ सालदेखि उनीबारे केही थाहा छैन, रामहरि भन्नुहुन्थ्यो यो तिवारीले १ ।१ वटा उपद्रो नगरेको दिन हुँदैन । यी अतीतका अगणित घटना कहिलेकाहीँ सम्झेर हामी दुवैजना हाँस्थ्यौं ।

# 'वनिता' सम्मान तथा पुरस्कार

काठमाडौं । विगत १९ वर्षदेखि नेपाली साहित्यको अनवरत सेवा गरिरहेको वनिता प्रकाशन तथा वनिता साहित्यिक पारिवारिक त्रैमासिकको १९ औं वार्षिकोत्सवमा साहित्य, कला तथा समाज सेवामा योगदान पुऱ्याउनुहुने १३ जना व्यक्तित्वहरूलाई सम्मानित तथा पुरस्कृत गरियो ।

काठमाडौंको कमलपोखरीस्थित किस्ट कलेजको हलमा आयोजित उक्त कार्यक्रममा डा. नरेन्द्र चापागाईं स्मृति वनिता साहित्य सम्मान (२०७३) वरिष्ठ समालोचक डा. लक्ष्मण गौतम, वनिताश्री देवकुमारी कथा विशिष्ट सम्मान पुरस्कार (२०७३) वरिष्ठ कथाकार हरिहर खनाल (रु ५,००० राशिसहित), गोपालप्रसाद रिमाल काव्य वनिता सर्वश्री सम्मान (२०७३) वरिष्ठ कवि वासुदेव अधिकारी, नमुना कला वनिता सम्मान (२०७३) फेसन डिजाइनर प्रशिक्षक कुसमा श्रेष्ठ, भद्रकुमारी (प्रा. डा. उषा ठाकुर भाषा विशेष वनिता सम्मान पुरस्कार (२०७३) वरिष्ठ साहित्यकार राजेन्द्र विमल. (रु १०,००० राशिसहित), देवकुमारी थापा बालसाहित्य वनिता सम्मान पुरस्कार (२०७३) बाल साहित्यकार ध्रुव घिमिरे (रु



१०,००० राशिसहित), व्यथित काव्य वनिता पुरस्कार (२०७३) कवि मोमिला जोशी (रु ५,००० राशिसहित), हरिमाया प्रसाईं वनिता आदर्श नारी सम्मान पुरस्कार (२०७३) पहिलो पटक दिलशोभा श्रेष्ठ (रु. १०,००० राशिसहित), उन्नती शीला गीत वनिता पुरस्कार (२०७३) रचनाकार कल्पना अधिकारी (रु १०,००० राशि सहित), वनिता विशेष वसुश्री (मधु पुरस्कार (२०७३) समाजसेवी दिनेश तामाङ (रु ५,००० राशिसहित), सञ्चारकर्मी उषा लोहनी (रु ५,००० राशिसहित) जलेश्वरी बालप्रतिभा वनिता पुरस्कार (२०७३) बालप्रतिभा रदिक्षा खनाल (रु. ५,००० राशिसहित) वनिताश्री विशेष पुरुषोत्तम पाण्डेय प्रतिभा पुरस्कार (२०७३) गायिका निशा देसार (रु १०,००० राशिसहित) लाई प्रदान गरिएको छ ।

वनिता प्रकाशनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त नेपालीहरूलाई अभिनन्दन, सम्मान तथा पुरस्कार अर्पण गर्दै आइरहेको छ । वनिताका संस्थापक सम्पादक प्रकाशक लक्ष्मी उप्रेती हुनुहुन्छ । वनिता साहित्यिक पारिवारिक त्रैमासिकको ६८ औं अंकलाई साहित्यकार जलेश्वरी श्रेष्ठको पहिलो उपन्यास 'नियति चक्र' माथि विभिन्न लेखक तथा समालोचकहरूको समीक्षा साथै उपन्यासकारको विचार सङ्ग्रहित विशेषांकका रूपमा लोकार्पण समेत गरिएको थियो । कार्यक्रममा बालप्रतिभा रदिक्षा खनालले कालात्मक नृत्य प्रस्तुत गर्नुभएको थियो भने गायिका निशा देसारले आफ्ना लोकप्रिय गीतहरूमध्येबाट केही टुक्रा सुनाउनु भएको थियो ।

कविता

## सरकार सुतला होइस्याछ

(बाङ्गाकबिता )



● प्रेम ओली
(ढकलपुरे)

बस्नुस् न बस्नुस्
सरकार राति पार्टी गरेर ढिला सुतिस्या छ
खत्र्याक्क आवाज आयो
सायद स्याम साब भर्खर उठिस्या छ
अपराह्न भयो कि यहाँ
बँदेल आउँछ सुकुटी आउँछ
व्हिस्की आउँछ वाइन आउँछ
थाहा छैन त्यो कसले ल्याउँछ
सरकार त रातभरि सोमरसमा डुब्ने हो
दिनभर यस्तै ओछ्यानमा उँग्ने हो
दशबज्नै लागेछ
अब त सरकार पक्कै उठिसिन्छ
एक आधा घण्टा सरसफाइमा जुटिसिन्छ
बस्नुस् न बस्नुस्
पत्रपत्रिका हेर्नुस्
कालो चिया खानुस्
मिलेछ भने भेटेर जानुस् ।

आज सरकारको मुड राम्रै जस्तो छ
तपाईंको भेट पक्कै होला जस्तो छ
नत्र भन्नुस् तपाईंको काम के कस्तो छ
दाम झर्ने काम भए स्याम साबलाई पनि
भन्दा हुन्छ
सरकारलाई भनी देउँला नि पार्टीलाई नि
चन्दा हुन्छ
तपाईंलाई थाहा नै छ नि
सरकार कति स्लो मोसनमा होइसिन्छ
मन लागे ओफिस गइसिन्छ
मन नलागे दिनभर यतै होइसिन्छ
फास्ट ट्र्याकमा त काम स्याम साबले
गर्ने हो
त्यसको लागि पैसोकै भरपर्ने हो
सरकार त
कहिले भेटघाटमा पनि आउनु हुन्न
उस्तै परे तपाईंले आज दर्शन पाउनु हुन्न

सरकार त जतिखेर पनि तान्ने हो
व्हिस्की बियर जे आउँछ हान्ने हो
तपाईं पत्रकार भए झन् भेटै पाउनु हुन्न
क्यामेराको अघि त आउँदै आउनु हुन्न
बस्नुस् न बस्नुस्
सरकार भर्खर उठिस्या जस्तो छ
म बुझेर आउँछु
आज उहाँलाई के कस्तो छ ।
भन्नुस् न भन्नुस्
खास के कामले आउनु भाको हो
यती बिहान किन दु:ख पाउनु भाको हो
राजदुत चक्कर हो कि बढुवा खानेको
टक्कर हो
के सरुवा पाको ठक्कर हो
दाम आउने काम भए मलाई भन्दानि हुन्छ
म स्याम साबलाई बिन्ती चढाइ दिम्ला
कुरो मिले तपाईंको काम अघि बढाइ दिम्ला
सरकार त थाहा छैन कति खेर उठिसिन्छ
तपाईँलाई थाहै छ उहाँको रिसको पारा
डिस्टब गरे उस्तै परे कुटीसिन्छ
देश पनि अहिले सरकार जस्तै सुत्या छ
मानौं देशले पनि उहाँसँगै सोमरस
धोक्या छ
म त उहाँकै मान्छे भन्न त नमिल्ने हो
देश उहाँबाट चल्ला जस्तो छैन
तर यो कुरा कसैले भन्ने हैन
बस्नुस् न बस्नुस्
सरकार उठिस्यो भने भेटेर जानु होला
नभए एक दुई कप कालो चिया खानु होला ।

## मसानघाटको शान्ति



लीलामाया ढकाल गौतम

नियालिरहेथे महाकालीको किनारमा पुगेर
मेरी आमाको सिंगो शरीरलाई
निलिरहेको जस्तो
गुहार माग्दै पीडाले छटपटाएकी
सन्तानविहीनझैँ लाचार बनेर
बगेका आँशुका भेलहरु
नानक सागरका नाममा परिणत गराउँदै
के यो आँशु रोक्ने हाम्रो कुनै कर्तव्य छैन र ?


मेरै आमाको छातीमा टेकेर
मलाई नै अझ धम्की दिइरहेछन्
चोक्टा चोक्टा पारी लुछिरहेछन्
ती विदेशी ब्वाँसाहरुले
शरीरका हरेक भागबाट गिद्दहरुले लुछेझैँ
चितुवाको नंग्राले जनावरलाई चिथोरेझैँ
तर हाम्रा पार्टीहरु सबै मौन छन्
नेताहरुको मुख खुल्दैन
पत्रकारहरु लेख्दैनन्
आफ्नी आमाको शरीर छियाछिया हुँदा
सबै मौन छन् मूर्दा शान्तिझैँ ।

तिमीले फैलाइदिएको आमाको काख
आज साँघुरिँदै छ दिन प्रतिदिन
हाड र छालामा परिणत हुँदैछिन् मेरी आमा
उजाडिँदै छन् आमाका श्रृंगारहरु
निर्वस्त्र बनाइरहेछन् द्रौपदीलाईझैँ
कलीयुगका दुर्योधन र सकुनीहरुले
आमाको लाज छोप्न कोही जन्मिएको छैन कृष्ण

हे वीर गोर्खालीहरु हो
मेटिने छ एक दिन तिम्रो यो पहिचान
पर्नेछौ पराइको अधिनमा ।
हे वीर पुर्खाका सन्तानहरु हो
कति दिन हेरेर बस्छौ आफ्नी आमाको दुर्दशा
कहिलेसिम्म मशानघाटमा झैँ
निन्याउरो, शान्त र नरम रहन्छौं ?
हो अब अतिसारो भो
जाग, उठ, बाहिर निस्क र
आफ्नी आमाको शरीर लुछाचुँडी गर्नेहरुका विरुद्ध
सिंहको झैँ शंखनाद, बाघको झैँ गर्जन लिएर उठ ।

## राष्ट्रको चिन्ता

सन्दर्भ : ग्रेटर नेपाल साप्ताहिक पाँचौं वार्षिकोत्सव



घनश्याम ओली

नाम्ले दाम्ले सब् अघाएर चुर्ण
डकार्दैछन् भ्रष्ट घिचेर अजीर्ण
गऱ्यो आज कसले जनताको पीर
झुक्दैछ वीर नेपालीको शिर ।

देश भड्खालोतिर जाकिँदैछ
लोकतन्त्रको डिङ अझ हाँकिदैछ
पिसिंदैछन् जनता ठोकिँदैछ गोली
बोल्दैनन् कोही के हुने हो भोलि ।

गिद्धले सिनु लुछेझैँ लुछी लुछी
देश भयो खोक्रो दानवले चुसी
आफ्नो इतिहास, गौरवलाई मिटाई
टिकाउँछन् सत्ता इन्डिया धाई धाई ।

रमाइलो कस्तो एकेडेमिक भेला
हामी सबै पृथ्वीनारायणका चेला
काँ काँ थियौं सब छरिइरहेका
राष्ट्रको चिन्ताले जम्मा भएका ।

सुन्ने सुनाउने त धेरै थे कुरा
समयले गर्दा हुन देन पूरा
हार्दिक बधाई दिन मन मलाई
जसले उठाए 'ग्रेटर नेपाल' मुद्दालाई ।

# चीन-भारत पुनः युद्ध होला ?





विष्णु भट्टराई

दोकलम पठारमा चिनियाँ र भारतीय सेना आम्नेसाम्ने छन् अहिले । भुटान र चीनबीचको सो सीमा क्षेत्रमा भारतीय सेनाको उपस्थिति तेस्रो पक्ष हो । दोकलामलाई भुटानले आफ्नो क्षैत्र भनी दाबी गरे पनि चीनले दोकलाम चिनियाँ भूभाग भन्दै सडक पूर्वाधार निर्माण गर्न थालेपछि भारतीय सेना चिनियाँ सेनालाई रोक्न दोकलम पुग्यो । चिनियाँ सेनाको तुलनामा भारतीय सेनाको त्यहाँ बाक्लो उपस्थिति भएकाले चिनियाँ सेना अघि बढेन । चीनले भारतलाई दोकलमबाट आफ्नो सेना फर्काउन आग्रह गरे पनि भारतले टेरेको छैन । चीनले त्यहाँ थप सेना पठाउने भएको छ । यदि थप चिनियाँ सेना दोकलम आएमा दुई सेनाबीच भिडन्त हुने स्थिति छ । वार्ताद्वारा विवाद समाधान गर्न भारतीय कूटनीतिज्ञहरुले मोदी प्रशासनलाई आग्रह गरे पनि मोदी प्रशासनले सुनेको छैन । चीनले भारतले सेना दोकलमबाट नहटाए भारतको लज्जास्पद स्थिति हुने चेतावनी दिएको छ ।

भारतीय विदेशमन्त्री अरुण जेटलीले भने भारतलाई १९६२ को भारत नठान्न चीनलाई धम्क्याएका छन् । कूटनीतिक पहलद्वारा विवाद नसुल्झाए भारत चीन युद्ध टर्ने छाँटकाँट देखिँदैन । चिनियाँ भूमिमा पुगेको भारतीय सेना भुटानबाट गएको हो । भारतले भुटानको सुरक्षाको जिम्मेवारी लिएको छ । भुटानसँगको सन्धिका कारण भुटानको सुरक्षा भारतले गर्ने भएकाले भुटानी सीमाको सुरक्षाका लागि भारतीय सेना दोक्लाम गएको भारतको भनाइ छ । भुटानी सेनालाई तालिम दिनका लागि भनेर भारतले भुटानमा सेना राखेको छ । त्यहाँकै एक टुकडी भारतीय सेना दोक्लाम गएको हो । भुटान र चीनबीचको विवादमा भारत मुछिनु भारतको सिधा अर्घेलो हो ।

विश्वको राजनीति यतिबेला एसियाकै पेरिफेरीमा घुमिरहेको छ । कोरियाली प्रायद्वीपमा उत्पन्न तनाव, भारत-चीनबीच देखिएको शक्ति संघर्षको अवस्था, खाडी राष्ट्रको संकट, मध्यपूर्वको समस्या आदि यतिबेला विश्व राजनीतिका 'हट टपिक' हुन् । मध्यपूर्व लामो समय विश्वमै चर्चामा रह्यो । त्यस क्षेत्रमा उत्पन्न अशान्तिको अवस्था, लडाकु र आतंकवादी समूहका गतिविधि, इजरायल प्यालेस्टाइन द्वन्द्व र यस क्षेत्रमा रहेका राष्ट्रबीचको आपसी र आन्तरिक संघर्षका कारण यो क्षेत्र कुनै न कुनै रूपमा चर्चामा मात्रै आएन, यहाँ पश्चिमा शक्तिको दबदबासमेत कायम भयो । त्यसैगरी गत महिना मात्रै साउदी अरबसहितका खाडी राष्ट्रले अर्को सानो खाडी मुलुक कतारमाथि चौतर्फी घेराबन्दी गर्ने गरी राजनीतिक सम्बन्ध विच्छेद गरेर नाकाबन्दी लगाएपछि त्यस क्षेत्रको संकट अझै सुल्झिन सकेको छैन । यसबीचमा कोरियाली प्रायद्वीपमा उत्पन्न तनाव, दक्षिण चीन सागरमा अमेरिकाको अनावश्यक चासो र चीन भारतबीचको सीमा द्वन्द्वका कारण पुनः एकपटक विश्वका ध्यान यतातर्फ आकर्षित भएको छ ।

सीमा विवादका कारण चार सातादेखि भारत र चीनबीच पुनः तनावको अवस्था देखा परेको छ । दुवै देशबीच करिब ३ हजार ५ सय किलोमिटर लामो सीमा रहेको छ । सीमा विवादकै कारण एसियाका यी दुई शक्ति राष्ट्रबीच सन् १९६२ मा युद्ध भएको थियो । तर अझै पनि सीमामा रहेका केही इलाकाका विषयलाई लिएर दुई देशबीच विवाद रहेको छ, जो बेलाबेलाको तनावको कारण बन्ने गरेको छ । गत महिना सुरु भएको तनावबीच भारत र चीनले सीमा क्षेत्रमा आफ्ना सेनाको तैनाथी बढाएका छन् र एकअर्काको सेनालाई फिर्ता बोलाउन भनिरहेका छन् । सीमा क्षेत्रमा रहेको डोकलाम क्षेत्रमा चीनले निर्माण गरिरहेको सडकमा भारतले अवरोध गरेपछि पछिल्लो विवाद सुरु भएको हो । भारतमा डोकलाम भनिने यही क्षेत्रलाई चीनमा डोङलोङ नामबाट चिनिन्छ । यो इलाकामा नै चीन र भारतको उत्तर पूर्वमा रहेको सिक्किम र भुटानको सीमा क्षेत्र पर्छ ।

भुटान र चीन दुवैले यो इलाका आफ्नो भएको दाबी गर्दै आएका छन् र भारतले भुटानको दाबीलाई समर्थन गर्ने गर्दछ । चीनले निर्माण गरिरहेको यो सडकको काम पूरा भएको खण्डमा पूर्वी भारतीय राज्यलाई जोड्ने 'कुखुराको घाँटी' जस्तो क्षेत्र सिलिगुडी कोरिडोरमा चीनको पहुँच बढ्ने चिन्ता छ । जुन क्षेत्रले भारतले आफ्नो 'सेभेन सिस्टर्स' नामबाट चिनिने पूर्वी राज्यहरू आसाम, मिजोरम, नागल्यान्ड, मेघालय, त्रिपुरा र अरुणाञ्चल प्रदेशलाई जोड्ने भएकाले यो सामरिक हिसाबले पनि निकै महत्वपूर्ण छ । भारतीय सेनाले चीनले निर्माण गरिरहेको सडकमा अवरोध गरेपछि चिनियाँ सेना पनि अघि बढेर लालटेन आउटपोस्टमा सेनाको दुई बंकर ध्वस्त बनाइदिएको छ । चिनियाँ अधिकारीहरूले सडक निर्माणको विरोध गर्दै भारतीय सीमा सुरक्षाबलले सामान्य गतिविधिमा समेत अड्चन खडा गरेपछि भारतलाई सेना पछि हटाउन भनिएको बताएका छन् । भारत र चीन दुवैले आफ्ना सेनालाई सीमा क्षेत्रमा बढाएका छन् र उनीहरू तनावको अवस्थामा पछि फर्किन तयार देखिँदैनन् । पछिल्लो घटनाक्रमबाट चीन भारतसँग नराम्ररी चिढिएको छ । सोही कारण उसले सिक्किमको नाथुला हुँदै तिब्बतको मानसरोवरसम्म जाने ५७ जना भारतीय तीर्थयात्रीलाई कैलाश मानसरोवर यात्राका लागि बाटो दिन अस्वीकार गरेको छ । हिन्दू धर्ममा आस्था राख्नेहरू मानसरोवरलाई पवित्र स्थानका रूपमा मान्छन् ।

भारतीय सेनाका जानकार मान्दछन् कि सिक्किम नै त्यो स्थान हो, जहाँबाट भारत चीनको कोसिसमाथि कुनै प्रकारको हमला गर्न सक्छ र सीमामा हिमाली क्षेत्रमा यही मात्रै यस्तो स्थान हो । जसबाट भौगोलिक रूपमा भारतीय सेनाले आफ्ना लागि फलदायी भएको सम्झन्छ र सामरिक फाइदा लिन सक्छ । भारतीय सेनालाई यहाँ उचाइको फाइदा मिल्नेछ, जब कि चिनियाँ सेना भारत र भुटानबीचको गहिरो स्थानमा छ । चीनले यसलाई राम्रोसँग मनन गरेको छ र भारतीय सेनालाई यसको फाइदा लिनबाट हरतरहले रोक्दै आएको छ । केही समयअघि भारतीय विदेशमन्त्रालयले भनेको थियो, 'चीनको सडक बनाउने कोसिसबाट दुवै देशबीचको स्थितिमा फरक आउनेछ र भारतका लागि सुरक्षा चिन्ता हुन सक्छ ।' भारतीय रक्षामन्त्री अरुण जेट्लीले समेत चेतावनी दिँदै भने, 'यो सन् २०१७ हो र भारत अब १९६२ को भारत होइन ।' उनले भारतले आफ्नो देशको सीमाको सुरक्षा गर्न सक्ने भन्दै घुमाउरो भाषामा चीनलाई सैन्य शक्तिबाट पनि हराउन सक्ने दाबी गरे ।

चीनले यो इलाकामा आफ्नो सम्प्रभुताको रक्षा गर्ने दोहोर्‍याएको छ र सडक आफ्नो इलाकामा बनाएको पनि स्पष्ट पारेको छ । चीनले भारतीय सेनाले 'अतिक्रमण' गरेको पनि बताएको छ । चीनले भारतलाई सन् १९६२ मा भोगेको पराजयलाई ख्याल गर्न चेतावनी दिएको छ । चीनले भारतलाई चीन पहिलेभन्दा अधिक शक्तिशाली अहिले पनि रहेको नभुल्न भनेको छ । गत सोमबार चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले सिक्किमसँग जोडिएको सीमाबारे सन् १८९० मा नै बेलायतसँग एक सम्झौता भएको र त्यसलाई भारतले उल्लंघन गरेको भन्दै यसलाई 'धेरै गम्भीर' मुद्दा भनेका छन् ।

भुटानमाथि लामो समयदेखि नै भारतको पकड रहँदै आएको छ । यो तथ्यलाई चीनले राम्ररी बुझेको भए पनि उसले यसबारे मुख खोल्ने उपयुक्त समयको खोजी गरिरहेको छ । अहिले पनि भुटानको रक्षा गर्नु भारत आफ्नो कर्तव्य ठान्छ भने भारतीय शासक वर्गसँग भुटान नतमस्तक देखिँदै आएको छ । यतिसम्म कि भुटानले आफ्नो सम्प्रभुताको उपयोग गरेर विश्वभरि आफ्नो कूटनीतिक र राजनीतिक सम्बन्ध समेत स्थापना गर्न सकिरहेको छैन ।

यसै विषयलाई लिएर चीनको पत्रिका 'ग्लोबल टाइम्स' ले सम्पादकीय नै लेखेर अब सिक्किम र भुटानको स्वाधीनताका लागि चीनले भूमिका खेल्नुपर्ने औंल्याएको छ । भारतका लागि भुटानका दूत वेत्सोप नामग्याल भन्छन्, 'चीनको सडक परियोजना दुवै देशबीच भएको सम्झौताको उल्लंघन हो ।' भुटान र चीनबीच औपचारिक कूटनीतिक सम्बन्ध छैन तर दिल्लीस्थित आफ्नो मिसनका माध्यमबाट दुवै देशले एक अर्को देशसँग सम्बन्ध राखेका छन् । पछिल्ला केही समयदेखि चीनले भुटानसँग सम्बन्ध बनाउन खोजिरहेको छ, जुन कुरा ग्लोबल टाइम्सले समेत खुलासा गरिसकेको छ ।

यो इलाकामा सन् १९६७ मा चीन र भारतबीच संघर्ष भएको थियो र अहिले पनि बेलाबेलामा यस्तो संघर्षको अवस्था पैदा हुने गरेको छ । तर दुई देशबीच चल्दै आएको तनावमध्ये यो सबैभन्दा गम्भीर प्रकृतिको तनाव हो । तिब्बती धर्मगुरु दलाई लामा भारतमा बस्नु पनि तनावको एउटा विषय बन्ने गरेको छ तर चीन दलाइ लामाका हरेक क्रियाकलापलाई सूक्ष्म रूपमा अध्ययन गरेर त्यसलाई 'डिफेन्स' गर्न सक्षम रहँदै आएको छ । अहिलेको विवाद पनि दलाइ लामाको अरुणाञ्चल प्रदेशको भ्रमणपछि सुरु भएको हो । चीनको सीमासँग जोडिएको अरुणाञ्चल प्रदेश भारतीय राज्य भए पनि यसको केही क्षेत्रमा चीनको समेत दाबी रहँदै आएको छ । पछिल्लो तनावले दुई एसियाली शक्ति राष्ट्र पुनः एकपटक भिड्ने सम्भावनालाई नकार्न सकिन्न । चीनले पनि भारतसँग सीमा जोडिएका आफ्ना क्षेत्रमा कडा नीति अवलम्बन गर्दै आएको छ र सिक्किम र भुटानसँग जोडिएको यो क्षेत्रमा बढी तनावको अवस्था सिर्जना भएको हो ।

भारत र चीनबीचको तनावकै बीच भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच जर्मनीको ह्याम्बर्गमा भेट भएको छ । भारतीय विदेश मन्त्रालयले दुई नेताबीच भेट भएको पुष्टि गर्दै हात मिलाएको फोटो सार्वजनिक गरेको छ । दुवै नेता जी-२० को बैठकका क्रममा जर्मनी पुगेका हुन् । दुई देशबीच बढ्दो तनावका कारण यो भेटवार्ता हुने या नहुने भन्ने कुरा अन्योलमा थियो । चिनियाँ विदेश मन्त्रालयले समेत भेटवार्ता हुन कठिन रहेको बताएको थियो ।

चीनले पछिल्लो समयमा भारतप्रति निकै आक्रामक रूपमा नै प्रस्तुत हुने छाँट देखाइसकेको छ । अहिलेको विवाद भनेको सिक्किमको पूर्व र भुटानको पश्चिम भागमा रहेको सानो चोसो परेको भूमिमा चीनले निर्माण गरेको सडकको विषयलाई लिएर देखिएको हो । भारतले तिब्बती धार्मिक नेता दलाइ लामालाई लिएर 'तिब्बत कार्ड' प्रयोग गरेजस्तै अब चीनले पनि सिक्किमको स्वतन्त्रताको मुद्दालाई लिएर कार्डका रूपमा प्रयोग गर्न खोजेको देखिन्छ । चीनको सरकार समर्थित पत्रिका ग्लोबल टाइम्सले पनि भारतले दलाइ लामालाई प्रयोग गरे पनि त्यो पुरानो भएको भन्दै अब चीनले बलियो रूपमा सिक्किमको स्वतन्त्रताको मुद्दालाई उठाउनुपर्ने बताएको छ । किनकि सिक्किम पनि भारतमा गाभिएको एक स्वतन्त्र सानो हिमाली राष्ट्र हो । त्यति मात्रै होइन, भारतले दक्षिण एसियामा आफ्नो प्रभुत्व विस्तारका लागि यस क्षेत्रका अन्य राष्ट्रलाई थिचोमिचो गरिरहेको भन्दै चीनले अब भुटानसँग कूटनीतिक सम्बन्ध विस्तार गर्नुपर्ने र भारतीय हस्तक्षेप भएका क्षेत्रलाई सघाउनुपर्ने बहस सुरु गरेका हुन् ।

भारत सन् १९४७ मा बेलायतको उपनिवेशबाट मुक्त भए पनि भारतीय शासकमा उपनिवेशकालीन मानसिकता कायमै रहँदा यस क्षेत्रका अन्य देशसँग यस्तै व्यवहारलाई निरन्तरता दिए । चीनले अहिले यही अवस्थामा रहेका अन्य दक्षिण एसियाली क्षेत्रका राष्ट्रलाई सहयोग गर्नुपर्ने कुरा उठाएको छ । यसमा उसका दुईवटा मुख्य स्वार्थ लुकेका छन् । पहिलो, भारतले गरेका असमान सन्धिका माध्यमबाट आफ्नो कब्जामा राखेका राष्ट्रलाई मुक्त गर्न सकेमा भारत स्वतः कमजोर देखिनेछ र यस क्षेत्रमा चीनमाथिको भरोसा बढ्नेछ । दोस्रो, उसले केही समयअघि सुरु गरेका ओबीओरलगायतका परियोजनाको सहज कार्यान्वयन गरी यस क्षेत्रलाई एकताको नयाँ सुत्रमा बाँध्न चीन सक्षम हुनेछ ।

पछिल्लो समयमा सिक्किम भारतसँग नै रुष्ट बनिरहेको छ । गोर्खाल्यान्ड आन्दोलनका कारण सिक्किममा समेत भारत सरकारले नाकाबन्दी गरी दैनिक उपभोग्य वस्तुहरूको अभाव सिर्जना गरेपछि सिक्किम भारतसँग रुष्ट बनेको हो । सिक्किमका मुख्यमन्त्री पवन चाम्लिङ पछिल्ला केही दिनदेखि पश्चिम बंगालको सिलिगुडीमा सिक्किम जाने सवारीसाधनमाथि भइरहेको तोडफोड, चालकमाथिको कुटपिट र बंगाल सरकारले लगाएको नाकाबन्दीविरुद्ध कडा रूपमा प्रस्तुत भएका छन् । उनले दक्षिणमा सिक्किमको समस्या र उत्तरमा चीनको चलखेलका कारण सिक्किम दोहोरो मारमा परेको भन्दै यसरी 'स्यान्डविच' हुनका लागि भारतमा नगाभिएको बताइसकेका छन् । उनले भनेका छन्, 'हामी भारतको संघीय व्यवस्थाभित्र छौं । सिक्किम भारतको २२औं राज्य हो । हामीले सिक्किमलाई भारतमा गाभेर देशभक्ति देखाएका हौं ।'

*एजेन्सीहरुबाट*

## रोचक संसार

### "पुस अप" मा कीर्तिमान



मानिसले कुनै कुरा गर्न इच्छा राखेपछि जुनसुकै मूल्य चुकाउन पछि पर्दैन । अझ आफ्नै स्वास्थ्य र तन्दुरुस्तीको मामिलामा किन पछि हट्थ्यो ? अस्ट्रेलियाका एक व्यक्तिलाई पनि यस्तै हुटहुटीले सताउँदा पुसअप गरेरै विश्व कीर्तिमान कायम गरिदिएका छन् । ५२ वर्षका कार्टन विलियम्स नामक पुरुषले एक घण्टामा २६ सय ८२ पटक पुसअप गरेर दुनियामै सबैभन्दा धेरै पुसअप गर्ने मानिसको कीर्तिमान कायम गरे । उनले आफ्नै पूरानो रेकर्ड तोडेका हुन् । उनले सन् २०१५ मा एक घण्टामा २२ सय २० पटक पुसअप गरेर कीर्तिमान राखेका थिए । यो पटक चाहीँ उनले पहिलेको भन्दा साढे चार सय पटक धेरै पुसअप गरे ।

विलियम्स अस्ट्रेलियाको एक निर्माण कम्पनीमा काम गर्छन् । उनको यो कीर्तिमान कायम गरेसँगै उनका फ्यानहरु ह्वात्तै बढेका छन् । उनको पुसअपको भिडियो सोसल मिडियामा लाखौं मानिसले हेरिसकेका छन् । भिडियोमा उनले लगातार पुसअप गरिरहेका छन् । बीचबीचमा केही सेकेण्ड मात्र आराम गर्छन् र पुनः पुसअप सुरु गर्छन् ।

### धर्मात्मा हात्ती

हात्तीले पानीमा खेल्न खुबै मन पराउँछ । तर आज हामी एउटा यस्तो हात्तीको बारेमा कुरा गर्दैछौं जसका लागि पानीमा खेल्नु वा नुहाउनु केवल रहर मात्र होइन, एउटा नियम नै हो । यो हात्ती साँच्चीकै धर्मकर्म मान्ने बाहुन जस्तै छ । यसले हरेक दिन



नुहाएर मात्र खाना खान्छ । यो धर्मात्मा हात्तीको नाम हो, समुद्र । यसको उमेर केवल ९ वर्षको मात्र छ । अमेरिकाको ओरेगन चिडियाखानामा सन् २००८ मा यो हात्ती जन्मिएको हो । समुद्र नामको यो हात्ती आफ्नो नाम झैं चन्चल तथा पानीमा खेल्न सौखिन छ । चिडियाखानाका अधिकारीहरुले सोसल मिडियामा हालै समुद्रको एउटा भिडियो अपलोड गरेका छन् । जसमा ऊ पानीमा आहाल खेलिरहेको छ । समुद्रको सबैभन्दा खास विशेषता यो छ कि ऊ केवल नुहाउनको सौखिन मात्र होइन, उसले ननुहाईकन केही पनि खाँदैन ।

### हवाइजहाज चढेर अफिस

दैनिक रुपमा हवाइजहाज चढेर अफिस जाने मानिसको नाम हो,




कर्ट वोन । पेशाले मेकानिकल इन्जिनियर रहेका वोन एउटा प्रविधि कम्पनीका संस्थापक पनि हुन् ।

अमेरिकाको सन फ्रान्सिस्कोमा छ उनको कार्यालय । उनी लस एन्जल्समा बस्दछन् । उनलाई दिनहुँ अफिस आउजाउ गर्नका लागि ६ घण्टाको समय लाग्दछ । अफिस आउजाउ गर्नकै लागि उनले हवाई टिकटको भाडास्वरुप महिनामै झण्डै एक लाख खर्च गर्दछन् । उनले सिंगल इन्जिन टर्बोप्रोप एयरप्लेनमा अफिस आउने जाने गर्दछन् । जहाज चढ्नका लागि उनी घरबाट विमानस्थलसम्म गाडीमै जान्छन् । उनी हप्तामा पाँच दिन अफिस जान्छन् । बिहान साढे ५ बजे उठ्छन् र साढे ८ मा अफिस पुग्दछन् । बेलुकी साढे पाँच बजे उनले बल्ल अफिसको काम सकाउँछन् अनि रातको ९ बजे घर पुग्दछन् । हरेक दिन अफिस जानका लागि प्लेन चढ्ने क्रममा उनले केवल सामान्य सुरक्षा जाँचबाट गुज्रिनुपर्दछ । उनलाई पार्किंगबाट सिधै हवाइजहाजसम्म जाने इजाजत दिइएको छ । जहाजमा पनि उनले आफ्नो काम गर्दछन् । आफु दिनहुँ लस एन्जल्सबाट हवाइजहाजमा चढेर सन फ्रान्सिस्कोको अफिसमा पुग्ने कुरा गर्दा सबै मानिस छक्क पर्ने गरेको उनी बताउँछिन् । हरेक दिन ६ घण्टाको यात्रा चाहीँ मानिसलाई आवश्यक हुने उनको ठम्याई छ ।

### बाँदरको सेल्फी अदालतमा

इण्डोनेसियाली बाँदरको सेल्फीसम्बन्धी विवाद अमेरिकाको माथिल्लो अदालतमा पुगेको छ । अमेरिकाको सनफ्रान्सिस्कोस्थित नाइन्थ सर्किटको पुनरावेदन अदालतले यस विषयमा सुनुवाई गर्दैछ । संघीय न्यायाधीशले गत वर्ष बाँदरलाई कुनै पनि तस्बिरको



प्रतिलिपि अधिकार दिन नसकिने फैसला गरेसँगै मुद्दाको वादी पक्षको रुपमा रहेको जनावर अधिकारकर्मी संस्था पेटाले पुनरावेदन अदालतमा अपिल गरेको थियो ।

उक्त सेल्फीको प्रतिलिपि अधिकार सम्बन्धित बाँदरकै हुनुपर्ने दावी पेटाको छ । स्मरण रहोस् इण्डोनेसियाको सुलावेसीस्थित जंगलमा सन् २०११ मा एक बाँदरले खिचेको सेल्फीको प्रतिलिपि अधिकारका विवाद निकै चर्चित बन्दै आएको छ ।

बेलायती फोटोग्राफर डेभिड स्लेटरले जंगल घुम्ने क्रममा भुइँमा राखेको क्यामरा बाँदरले भेट्टाएपछि त्यसलाई चलाउँदै गर्दा आफ्नै सेल्फी खिच्न पुगेको थियो । बाँदरले खिचेका अनेक फोटाहरुमध्ये उसको दाँत देखाएर मुस्कुराइरहेको सेल्फी निकै सुन्दर थियो र फोटोग्राफर डेभिडले आफूले खिचेका प्राकृतिक तस्वीरहरुको संग्रह वाइल्डलाइफ पर्सनालिटी नामक पुस्तकमा उक्त बाँदरको सेल्फीलाई समावेश गरेका थिए । अमेरिकाको एक नीजि प्रकाशक संस्थाले उक्त पुस्तक प्रकाशन गरेको थियो ।

उनले आफ्नो क्यामराले खिचेको उक्त तस्वीरमा आफ्नो प्रतिलिपि अधिकार समेत सुरक्षित गरिसकेका छन् । तर यस विषयमा विरोध जनाउँदै पेटाले उक्त फोटोको प्रतिलिपि अधिकार फोटो खिच्ने बाँदरकै हुनुपर्ने माग गरी सन् २०१५ मा मुद्दा हालेको थियो, अमेरिकामा । यदि अमेरिकी पुनरावेदन अदालतले बाँदरका पक्षमा फैसला गरेमा प्रतिलिपि अधिकार बाँदरको नाममा दिइएको यो पहिलो घटना हुनेछ ।

### मरेकी महिलाले जन्माइन् जुम्ल्याहा बच्चा

एक महिला जसलाई डाक्टरहरुले मृत घोषित गरेका थिए उनै महिलाले त्यसको १ सय २३ दिनपछि जुम्ल्याहा बच्चा जन्माउनु कुनै चमत्कार भन्दा कम होइन । यो घटना दक्षिणी ब्राजिलको हो । जहाँ एक महिलाले मरिसकेपछि पनि जुम्ल्याहा बच्चा जन्माएर सबैलाई अचम्ममा पारेकी छन् ।

गत वर्ष ब्रेन डेथ भएकी ती महिलाको



गर्भाशयमा रहेका भ्रूण बाँच्न सक्लान् भन्ने आशा डाक्टरहरुमा थिएन । तर चामत्कारिक रुपमा उनको गर्भाशयमा बच्चाहरु हुर्किरहे र अन्ततः शल्यक्रिया गरी जुम्ल्याहा बच्चा जन्माइयो ।

सिल्भा पेडिल्हा नामकी ती महिला गर्भवती भएकी अवस्थामा सन् २०१६ को अक्टोबरमा ब्रेन स्ट्रोक भएसँगै मस्तिष्कको मृत्यु भएको घोषणा डाक्टर हरुले गरेका थिए । सिल्भाको जब मृत्यु भयो तब उनको गर्भमा ९ हप्ताको भ्रूण थियो ।

सिल्भाका पतिले तुरुन्तै मृत घोषित आफ्नी पत्नीलाई सेनहोरा डो रोकियो अस्पतालमा भर्ना गराए । उनको ब्रेन डेथ भए पनि गर्भका बच्चाहरु ज्यूँदै रहेको डाक्टरहरुले पत्ता लगाए । त्यसपछि डाक्टरहरुले सिल्भालाई तुरुन्तै भेन्टिलेटरमा राखे । त्यसको १ सय २३ दिनपछि सिल्भा भेन्टिलेटरमै रहिन् ९ महिना पूरा भएसँगै डाक्टरहरुले शल्यक्रिया गरी उनको पेटबाट जुम्ल्याहा बच्चा निकाले । त्यसमा एक छोरा र एक छोरी थिए । उनी त वास्तवमा मरिसकेकी थिइन् मात्र गर्भका बच्चालाई बँचाउनका लागि उनलाई भेन्टिलेटरमा राखिएको थियो ।

*एजेन्सीहरुबाट*

प्रेरक

# समय



भारतीय प्रधानमन्त्री पं. जवाहरलाल नेहरू सधैंझैं बिहान दाह्री काट्दै थिए । समय बिहानको पाँच बजेको थियो । उनलाई भेट्न एक भलाद्मी आइपुगे । नेहरूले सोधे– भन्नोस् कति कामले आउनुभयो ? आगन्तुकले जवाफ दिए– काम त केही थिएन, यसो हजुरको दर्शन गरूँ भनेर आएको ।

नेहरू समयलाई अति महत्व दिन्थे । बिनाकाममा समय खर्च गर्न चाहँदैनथे उनी । बेकारमा एउटा मान्छे आएर समय बर्बाद गरिरहनु परेकोमा रिस उठ्यो नेहरूलाई ।

उनले आगन्तुकलाई भने, ए त्यसो भए लौ दर्शन गर्नोस् । उनले दाह्री काट्न अनुहारमा साबुन दलेका थिए । साबुनको फिँजले उनको अनुहार विभत्सको बनेको थियो । उनले आफ्नो टाउको आगन्तुकतिर मोडेर अनुहार देखाए र फेरि भने– लौ दर्शन गर्नोस् । नेहरूको साबुन दलेको अनुहार देखेर त्यो मान्छे झन्डै आत्तियो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

## मेष

अवसर प्राप्त भए पनि परिस्थितिवश चिताएका काममा बाधा होला । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । तर प्रयत्न गर्दा स्थितिमा सुधार आउन सक्छ । शुभचिन्तकहरूको मनोभाव विचार गरेर मात्र अघि बढ्नुहोला । दोहोर्याएर प्रयास गर्दा पहिले रोकिएका काम सम्पादन हुनेछन् । आफ्नो सूचना बाहिरिने सम्भावना भएकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला ।

## बृष

झैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । परिवारजनबाट टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । खर्च गरेर पनि त्यति लाभ उठाउन नसकिएला । फाइदाका पछि लाग्दा आफ्नै धनमाल गुम्न सक्छ । साथीभाइसँग पनि असमझदारी बढ्ला । सहयोग गर्नेहरू कमै भेटिने छन् । अवसरको खोजीमा दौडधुप गर्नुपर्ला । धेरै लगानी गर्दा थोरै फाइदा हुनेछ ।

## मिथुन

आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । गरेका कामबाट प्रशस्त लाभ हुनेछ । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ भने नयाँ ज्ञान प्राप्त हुने योग छ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि तथा पशुपालनमा त्यति लाभ नभए पनि व्यापारमा प्रशस्त फाइदा हुनेछ । सञ्चित धनको उपयोगबाट विशेष फाइदा उठाउन सकिनेछ ।

## कर्कट

पुरुषार्थी काम प्रारम्भ हुनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ । मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । काममा विशिष्ट व्यक्तिको सहयोग प्राप्त होला । अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । उचित फल पाउन कठिन परिश्रम गर्नुपर्नेछ ।

## सिंह

सामान्य कामलाई पनि निकै मिहिनेत पर्नेछ । अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । साइनो गाँस्नेहरूबाट सजग रहनुहोला । व्यवसायमा प्रतिस्पर्धा गर्नुपर्ला । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान् । काममा व्यवधान हुनेछ भने आत्मसम्मानमा पनि चोट पुग्न सक्छ । तापनि भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ ।

## कन्या

परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । फाइदा उठाउन निकै मेहनत पर्नेछ।परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ । अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला । अरूको भर पर्दा काम दोहोर्याउनुपर्ला । हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला । बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ । उठ्नुपर्ने रकम प्राप्त हुनेछ ।

## तुला

मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चालु बन्नेछ । अर्थअभावले सताउन सक्छ । लोकाचारका लागि पनि भोगविलासका वस्तु जुटाउनुपर्ला । परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउने समय छ । यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ । प्रतिस्पर्धीसँग सम्झौता गर्नुपर्ला । तापनि प्रेम र मित्रताको बन्धन कसिनेछ । घर(गृहस्थीले मनमा आनन्द दिलाउनेछ ।

## बृश्चिक

भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । शत्रुहरू किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ । रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काममा फाइदा हुनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति हुनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ । पारिवारिक झमेला पर्न सक्छ ।

## धनु

पछिका लागि फाइदा हुने भए पनि सोचेको परिणाम तत्काल प्राप्त नहुन सक्छ । स्वास्थ्यमा देखिएको कमजोरीले चिताएका काममा बाधा हुनेछ । पढाइलेखाइमा पनि त्यति समय दिन नसकिएला । अधैर्य व्यवहारले समस्या निम्त्याउन सक्छ । व्यापार-व्यवसायमा समेत सोचेको फाइदा नउठ्ने देखिन्छ । धैर्य एवं लगनशीलताले मात्र परिस्थितिलाई बदल्न सक्छ ।

## मकर

बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला । मान्यजनसँग असमझदारी बढ्न सक्छ । अरूको सुझावमा भर नपर्नुहोला । वादविवादबाट टाढा रहनुहोला । साइनो गाँस्नेहरूले व्यवहारमा अप्ठ्यारो पार्न सक्छन् । परिस्थिति अलि जटिल र संघर्षपूर्ण रहनेछ । बेलैमा सजग नबन्दा व्यवहारमा दुःख पाइनेछ । शुभचिन्तकहरूलाई साथ लिएर काममा जुट्नुहोला, बिस्तारै लाभ हुनेछ ।

## कुम्भ

मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । मान(सम्मान प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । साहसी काम गरेर अरूको मन जित्न सकिनेछ । प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन् । कामको उच्च मूल्यांकन हुनेछ भने लगनशीलताले विशेष अवसर दिलाउनेछ । रोकिएका काम बन्नुका साथै नयाँ काम प्रारम्भ हुनेछ ।

## मीन

अरूको विषयमा चासो राख्दा व्यर्थैमा वादविवाद हुन सक्छ । अर्थ अभावले काम रोकिने सम्भावना छ । साथीभाइको भावना बुझ्न नसक्दा शुभचिन्तकहरू टाढिन सक्छन् । मानसम्मानमा आघात पुग्न सक्छ । धैर्यसाथ गरिएको व्यवहारले भने फाइदा दिलाउनेछ । सहयोगीहरूले साथ दिनेछन् भने मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । बोली-व्यवहारमा सजग रहनुहोला । आफ्नो गोप्य कुरा

# निखिलको 'रूद्र' र 'संरक्षण' आउने

साउनमा निखिल उप्रेतीका दुई चलचित्र रिलिज हुने भएका छन् । साउन १३ गतेदेखि 'रुद्र' प्रदर्शनमा आउनेछ भने त्यसको १४ दिन अर्थात साउन २७ गतेदेखि अर्को फिल्म 'संरक्षण' प्रदर्शन हुनेछ । 'रुद्र' मा निखिल नेगेटिभ क्यारेक्टरमा देखिँदैछन् र 'संरक्षण' मा भने प्रहरीको भूमिकामा देखिँदैछन् । एउटै महिनामा दुई फिल्म रिलिज हुँदा निखिललाई फाइदा हुन्छ वा घाटा ? त्यो समयले बताउला । हाल निखिल 'कमिटमेन्ट' मा ब्यस्त छन् । उनी आफैँले निर्देशन गर्न थालेको 'कमिटमेन्ट' मा भारतीय चर्चित कलाकारहरुको पनि अभिनय रहनेछ । हाल 'कमिटमेन्ट' को सुटिङ धमाधम भइरहेको छ । यहि फिल्मबाट निखिलले आफ्नै साली शिवानी लुइँटेललाई डेब्यु गराउँदैछन् ।

# पल र पूजाको केमेष्ट्री ?



यही असार ३० गतेबाट अल नेपाल प्रदर्शनमा आउन लागेको पल शाह र पूजा शर्मा अभिनित फिल्म 'म यस्तो गीत गाउँछु'को तेस्रो लभसङ रिलिज भएको छ । 'कहाँ छ र' बोलको फिल्मको शिर्ष गीतमा पल र पूजा फिचरिङ छन् । गीतमा उनीहरु एकअर्का विना बाँच्न नसक्ने बताउँदैछन् । प्रमोख खरेल र अन्जु पन्तको स्वर रहेको गीतमा अर्जुन पोखेलको संगीत सुन्न सकिन्छ । कोरियोग्राफर कविराज गहतराजले यो गीतको कोरियोग्राफी गरेका हुन् । फिल्मको यसअघि 'भन्छु आज' र 'किन आजकल तिम्रो मन मैलो भो' बोलको गीतसँगै ट्रेलर पनि रिलिज भैसकेको छ । ट्रेलर र गीत संगीतले नै फिल्म 'म यस्तो गीत गाउँछु' प्रतिक्षित बनिसकेको छ । फिल्ममा पूजा र पलका अलावा सरोज खनाल, रुपा राना, राजाराम पौडेल, मोहन निरौला, विक्रम सेन, अर्जुन गुरुङलगायत कलाकारको अभिनय रहेको छ । सञ्जय लामाको छायांकन रहेको फिल्ममा प्रितम पाण्डेको सम्पादन छ । निर्देशक सुदर्शन थापाले दिनेश न्यौपानेसँगको सहकार्यमा पटकथा लेखेको हुन् । यो फिल्मलाई सुदर्शन र पूजाले संयुक्त निर्माण गरेका हुन् ।

# 'धनपति' हाउसफुल बिजनेशमा



गत शुक्रबारबाट देशव्यापी प्रदर्शनमा आएको लेखक तथा कलाकार खगेन्द्र लामिछाने अभिनित फिल्म 'धनपति' ले अहिले सिनेमा हलहरुमा हाउसफूल विजनेश गरिरहेको छ । प्रदर्शनको पहिलो दिन शुक्रबार ८० प्रतिशत अकुपेन्सी रहेको फिल्मको दोस्रो दिन शनिबार ९० प्रतिशतभन्दा माथि अकुपेन्सी छ । फिल्मले मल्टिप्लेक्स र सिंगल दुवैतिर उतिक्कै दर्शकको साथ पाएको छ ।

निर्देशक दीपेन्द्र के. खनालले 'फिल्मीखबर डटकम'सँग कुराकानी गर्दै भने, 'आज देशभर फिल्म हाउसफूल छ । कुनै पनि मल्टिप्लेक्स र सिंगल हलमा एउटा सिट पनि खाली छैन । मल्टिप्लेक्सले आइतवारबाट झन शो बढाइरहेका छन् ।' उनका अनुसार, फिल्मले पहिलो र दोस्रो दिन गरि अल नेपाल १ करोड २० लाखको आसपासमा विजनेश गरेको छ ।

'पशुपतिप्रसाद' को सफलतापछि टुकी आर्ट्स प्रालिले दीपेन्द्र के. खनालको निर्देशनमा यो फिल्म निर्माण गरेको हो । खगेन्द्र लामिछानेको लेखन रहेको फिल्मको प्रमुख भूमिकामा पनि लामिछाने नै देखिएका छन् ।

खगेन्द्र लामिछाने बाहेक फिल्ममा सुरक्षा पन्त, आशान्त शर्मा, हरिहर शर्मा, मनिष निरौला, सुरभी बर्तौला, प्रकाश घिमिरे लगायतका कलाकारको अभिनय छ । 'धनपति'को सहायक निर्माता ओम गुरुङ, सह-निर्माता रजना नापित, समिर देवकोटा रहेका छन् । निर्माता भने रोजिना सिटौला रहेकी छन् ।

# उकुषा 'मिस एसिया नेपाल'



काठमाण्डौमा आयोजना भएको 'मिस एसिया नेपाल, २०१७'को उपाधि उकुषा गिरीले जितेकी छिन् । विभिन्न टीभीसीमा काम गरिसकेकी उकुषालाई यसअगाडिकी विजेता सुप्रभा कुँवरले ताज लगाइदिएकी थिइन् । उकुषाले ' मिस एसिया नेपाल, २०१७'को उपाधि जितेवापत आगामी असोज महिनामा श्रीलंकामा आयोजना हुने 'मिस एसिया ग्लोबल'मा नेपालको प्रतिनिधित्व गर्नेछिन् ।

उनलाई उपाधि वापत नगद ५० हजार सहित विभिन्न म्यूजिक भिडियो, टीभीसीमा खेल्ने अवसर प्रदान गरिने आयोजक संस्था नेक्स्ट इभेन्ट इन्टरटेन्मेन्टले बताएको छ ।

उकुषाले मिस एसिया नेपाल २०१७ को टाइटल सहित मिस पर्सनालिटीको उपाधि पनि जितेकी छिन् । मिडिया पर्सनालिटी जीपी तिमल्सेना, पूर्व मिस ग्लोबल इन्टरनेसनल निलम चन्द, पूर्व मिस नेपाल अर्थ मेधा कोइराला, ब्यबसायी तथा कलाकार रचिता क्षेत्री र पूर्व मिस अरोमा चितवन इशा प्रधानले विभिन्न चार राउण्डमा प्रतियोगीहरुको प्रस्तुतिको मूल्यांकन गर्दा मूख्य बिजेताका रुपमा उकुषा गिरीको नाम घोषणा गरेका हुन् ।

प्रतियोगितामा काभ्रेपलान्चोकर्की परिक्षा बिष्ट फस्ट रनर अप अप भइन् भने जानकी श्रेष्ठ मिस पपुलर र मिस बेस्ट ड्रेससहित सेकेन्ड रनर अप भइन् ।

*(अनलाइनहरुबाट)*

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Assiduous = मेहनतपूर्ण It took him years of assiduous labor to complete his research (अनुसन्धान पूरा गर्न उसलाई वर्षौंको मेहनत लाग्यो)

Brazen = खस्रो र घोच्ने खालको, तिखो (Insolent or extremely rude) He was punished for the brazen contempt of the court अदालतको तिखो अनादर गरेकोमा उसलाई दण्डित गरियो)

Cynical = सबै खाली स्वार्थवस काम गर्दछन् भन्ने सोचाइ People in Nepal are very cynical about democracy because it brought rampant corruption everywhere (नेपालीहरू प्रजातन्त्रलाई स्वार्थीहरूको चलखेल मान्छन् किनकि प्रजातन्त्रले भ्रष्टाचारबाहेक उनीहरूलाई केही पनि दिएन)

Dissolution = भंग गर्नु After years of working together, they declared the dissolution of their partnership (वर्षौंसम्म सँगसँगै काम गरिसकेपछि तिनीहरूले आफ्नो साझेदारी भंग गर्ने निर्णय गरे)

Extricate = मुक्त गर्नु, Finally he extricated himself from his unsuccessful love affairs (अन्त्यमा आएर उसले आफूलाई असफल प्रेमको चंगुलबाट मुक्त गर्‍यो)

Frieze = सज्जापूर्ण कलाको लागि भित्तामा छुट्टयाइएको ठाउँ Mostly the frieze of the church and temple are adorned with sculpture (मन्दिर वा चर्चमा कलाको लागि छुट्टयाइएका भित्ताहरू विशेष गरी मूर्तिहरूद्वारा सजाइएको हुन्छ)

Gratuitous = अनावश्यक किसिमले गरिएको For the gratuitous insult made by his colleagues, he boycotted the meeting (सहकर्मीहरूले अनावश्यक किसिमबाट गरिएको बेइज्जतीको कारण उसले बैठक बहिष्कार गर्‍यो)

Hindmost = सबैभन्दा पछाडिको Normally the weak students prefer the hindmost bench for they scare of the teacher's question साधारणतया कमजोर विद्यार्थी गुरुले प्रश्न सोध्ला कि भन्ने डरले सबैभन्दा पछाडिको बेञ्चमा बस्छन्)

Hypocrisy = आफू व्यवहारमा जे होइन त्यै हो भनेर छकाउन खोज्ने प्रवृत्ति By nature he is feudal but his attempt to be social is nothing but hypocrisy स्वभावैले सामन्त हुँदाहुँदै पनि सामाजिक बन्ने उसको प्रयत्न अरूलाई छकाउन खोज्नु मात्रै हो)

Insinuate = घुमाउरो पाराले इंगित गर्नु He says that I look robust but in reality he means to insinuate that I am getting fat (म मोटो भएर भद्दा देखिए भन्नुभन्दा ऊ घुमाउरो पाराले म सधैं दरिलो देखिन्छु भन्छ)

# सामान्य ज्ञान प्रश्नोत्तरहरू

विश्वमा सबभन्दा बढी उचाइमा रहेको भवनको नाम के हो र कहाँ छ ?
• केरो लुलेल्टो भवन, अर्जेन्टिना र चिलीबीच

विश्वको सबभन्दा पुरानो नाचघर कुन देशमा छ र त्यसको नाम के हो ?
• इटली, रेट्रो ओलम्पिक

विश्वमा सबभन्दा कम खर्चबाट बनाएको फिल्म कुन हो ?
• रेस्क्युड वाई रोवर कस्ड (लगभग ४० डलर)

विश्वको सबभन्दा अग्लो ३२१ मि.उचाइमा रहेको पुल कहाँ छ र त्यसको नाम के हो ?
• कोलोराडोमा रोयल जर्ज

विश्वको सबभन्दा ठूलो दरबार कुन देशमा छ र त्यसको नाम के हो ?
• इङ्ल्यान्ड, विन्डसर कस्टल (१४ एकड जमिन, ७००० कोठा)

विश्वको सबभन्दा ठूलो मनोरञ्जनको रंगशाला कहाँ छ र त्यसको नाम के हो ?
• फ्लोरोरिडामा, वाल्ट डिस्नी वर्ल्ड

विश्वको सबभन्दा ठूलो समुद्रको नाम के हो ?
• साउथ चाइना सी

३०५ मिटर लामो बुद्धको मूर्ति कुन देशमा छ ?
• अफगानिस्तान

विश्वको सबभन्दा ठूलो घडी कहाँ छ र त्यसको नाम के हो ?
• लण्डन, विगवेन

१५२ फिट अग्लो सालिक कहाँ छ र त्यसको नाम के हो ?
• न्यूयोक, स्टाचु अफ लिबर्टी

४ वटा कलाको संयोगलाई के भनिन्छ ?
• बलेट

इन्द्रजात्राको लिंगो गाड्ने चलन कसले चलाएका हुन् ?
• राजा प्रतापसिह शाह

नेपाली शासकद्वारा लेखिएको पहिलो पुस्तक कुन हो र लेखक को हुन् ?
• 'शब्द विद्या' राजा अंशुबर्मा

गोल्ड कुन देशको पुरानो नाम हो ?
• घाना

क्षेत्रफलको आधारमा नेपालको सबैभन्दा सानो अञ्चल कुन हो ?
• महाकाली

सगरमाथा पत्ता लगाउने व्यक्ति को हुन् र कहिले ?
• जर्ज एभरेस्ट, सन् १७५२

दाजु र भाइ दुवै राष्ट्रपति र उपराष्ट्रपति भएको देश कुन हो ?
• सिरिया

सबभन्दा बढी इसाई धर्म मान्ने एसियाली देश कुन हो ?
• फिलिपिन्स

# फरक थाहा पाई राख्नुहोस्

Smell = गन्ध The dog can find the drugs and explosive by smell कुकुरले गन्धैबाट लागू र विस्फोटक पदार्थ पत्ता लगाउँछ ।

Scent = वासना The roses that you have in your garden have no scent तिम्रा बगैंचामा भएका गुलाफहरू वासनारहित छन् ।

Stink = दुर्गन्ध In Nepal, the whole politics stinks of corruption नेपालमा पुरै राजनीति भ्रष्टाचारले दुर्गन्धित छ ।

So = त्यस्तै He is ill and has long been so ऊ अहिलेमात्रै होइन पहिलेदेखि त्यस्तै बिरामी छ ।

So = झैं What you say is not so जुन कुरा तिमी भन्दैछौ त्यो तिमीले भनेझैं होइन ।

So = अनिमात्रै Drive slowly so you have no accident विस्तारै हाँक अनिमात्र दुर्घटना हुँदैन ।

So = अन्त्यमा So, I have passed the examination अन्त्यमा मैले जाँच पास गरेरै छाडे ।

Social = सामाजिक Development has brought many social problems विकासले धेरै सामाजिक समस्या सिर्जना गरेको छ ।

Sociable = मिलनसार Today he is in a sociable mood previously he used not to be so आज त ऊ ज्यादै मिलनसार देखिन्छ पहिले त त्यस्तो थिएन ।

Stolid = छिट्टै प्रतिक्रिया नजनाउने Taking advice with him has no sense because he is stolid छिट्टै प्रतिक्रिया नजनाउने हुँदा ऊसँग सल्लाह माग्नु बेकार छ ।

## सुडोकु-अंक ६२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ६ | २ | | | | | | |
| ६ | | | | | | | | ४ |
| | | ८ | ७ | | ४ | १ | | |
| | ९ | २ | १ | | ३ | ६ | ४ | |
| १ | | | | | | | | ५ |
| | ३ | ६ | ९ | | ७ | २ | ८ | |
| | | १ | ५ | | ९ | ४ | | |
| ७ | | | | | | | | २ |
| | | | ४ | ७ | ८ | | | |

## अंक ६१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ६ | ४ | १ | ९ | ७ | ५ | २ | ३ |
| २ | ५ | ३ | ८ | ४ | ६ | ९ | ७ | १ |
| ७ | १ | ९ | २ | ३ | ५ | ६ | ४ | ८ |
| ५ | ७ | ६ | ४ | १ | २ | ८ | ३ | ९ |
| १ | ९ | २ | ५ | ८ | ३ | ४ | ६ | ७ |
| ३ | ४ | ८ | ६ | ७ | ९ | २ | १ | ५ |
| ६ | ३ | ७ | ९ | ५ | ४ | १ | ८ | २ |
| ४ | ८ | ५ | ३ | २ | १ | ७ | ९ | ६ |
| ९ | २ | १ | ७ | ६ | ८ | ३ | ५ | ४ |

# बाल विकास समाजका विभिन्न कार्यक्रमहरु



तालिममा सहभागी किशोरकिशोरीहरू



तालिममा सहजीकरण गर्दै प्रोग्राम इन्चार्ज राधिका श्रेष्ठ



नि:शुल्क शारीरिक सूचांक तथा रगतको समूह जाँचका केही झलकहरू







नि:शुल्क शारीरिक सूचांक तथा रगतको समूह जाँचका केही झलकहरू





पाँचौ जिल्ला बालक्लक भेलाका झलकहरू



सरसफाई अभिमुखिकरण कार्यक्रममा सहजिकरण गर्दै बाल विकास समाजका का. व्य. विन्दु शर्मा

### पाँचौ जिल्ला बाल भेला

जिल्ला बालक्लब सञ्जाल भक्तपुरको अध्यक्षमा दिप्ती भुजेल निर्विरोध निर्वाचित हुनु भएको छ ।

जिल्ला बाल कल्याण समिति, भक्तपुर र जिल्ला बालक्लब सञ्जाल भक्तपुरको संयुक्त आयोजनामा सेभ द चिल्ड्रेन, बाल बिकास समाज , जिल्ला बाल कल्याण समिति , एस.ओ. एस र सुर्योदय समाज लगायतका संस्थाहरूको आर्थिक सहयोगमा भएको पाँचौ जिल्ला बाल भेलाले आगामी दुई वर्षका लागि भुजेलको नेतृत्वमा नयाँ कार्य समिति चयन गरेको हो । शनिबार र आइतबार दुई दिन बासु उच्च माध्यामिक विद्यालय भक्तपुरमा सञ्चालन भएको भेलाले उपाध्यक्षमा मनोज सुनुवार, सचिवमा सुविना अछामी, सहसचिवद्वयमा प्रजिता थापा, सुप्रिया कार्की, कोषाध्यक्षमा निशान कार्की सदस्यहरूमा क्रमश : कृष्ण पाण्डे, समिक्षा कार्की, आयुषा उप्रेती, लक्ष्मी कोजु, लाली तामाङ निर्विरोध रूपमाचयन गरेको छ । भेलाको समापन गर्दै केन्द्रीयबाल कल्याण समितिका अध्यक्ष बबिना श्रेष्ठले बालबालिका समुदाय विकासका आधार भएकोले उनीहरूको चौतर्फी विकासमा सबै क्षेत्रले पहल गर्नु पर्नै बताउँदै स्थानीय तहको संरचनामा बालबालिका र उनीहरूले सञ्चालन गर्ने क्लबलाई निर्वाचित पदाधिकारीले समेत सहयोग पुर्‍याउने उहाँले विश्वास गर्नु भयो । महिला बालबालिका कार्यालय भक्तपुरका प्रमुख निला कुमारी घिमिरेले जिल्लामा विद्यमान बालश्रम, बालबालिकाहरू माथि हुने दुर्व्यवहार, वेचविखन जस्ता समस्याहरूमा जिल्ला बाल कल्याण समिति र जिल्ला बालक्लब सञ्जाल सँगै हातेमालो गरी अगाडि बढनुपर्ने बताउनुभयो । हरेक नगरपालिकाले बाल मैत्री स्थानीयतह बनाउनका लागि शुरू गर्नु पर्ने र अन्य विकासका पुर्वाधारमा बालबालिकाको प्रत्यक्ष संलग्नता गराउनु पर्ने राष्ट्रिय बालक्लब सञ्जालका पुर्व अध्यक्ष दिपेश विसुंखेले बताउनु भयो । भेलामा जिल्लाका ४० वटा बाल कल्बका दुई सय जना बालबालिकाहरूको सहभागिता रहेको थियो । भक्तपुर जिल्लाका छ वटा नगरपालिकाहरूमा बालक्लब सञ्जालको गठन गरी २०७२ साल भाद्र २९ गते श्री कृष्ण थापाको नेतृत्वमा ११ सदस्यीय बालक्लब सञ्जालको निर्माण गरी बाल सहभागीता, बाल संरक्षण, सम्बर्द्धन एवंम प्रर्वद्धनको क्षेत्रमा आफ्नो तहमा रही सक्रिय रूपमा कार्य गर्दै आइरहेको थियो ।

### किशोरकिशोरीहरूलाई क्षमता विकास तालिम

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरा वस्थाका विद्यार्थीहरूका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरूलाई जोखिम पूर्ण व्यावहार बाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बालअधिकार, बालदुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बालहिंसा तथा महिलाहिंसा, गलत साथी बाट जोगिने उपाय, कुलत बाट बच्ने उपाय, जीवनउपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा हुने गर्दछ । तालिममा ११ देखि १९ वर्ष सम्मका विद्यार्थीहरू सहभागी हुने गर्दछन् । तालिम सञ्चालनमा बाल विकास समाजका कर्मचारीहरूले रोटेसनका आधारमा निशुल्क रूपमा विदाको दिन संस्थालाई समय दिइरहेका छन् । कुनै पनि दातृ निकायको सहयोग बिनानै सञ्चालन भएको यस तालिम बाट बालबालिकाहरूले सेवालिन पाउनु भनेको संस्थाका लागि पनि गौरवको विषय हुन सक्छ । यस संस्थाका कर्मचारीहरूको कामलाई पक्कै पनि प्रशंसा गर्न लायक छ । यसै गरी अरूणोदय माद्यामिक विद्यालयका २० जना ११ वर्षदेखि १९ वर्ष सम्मका किशोरकिशोरीहरूका लागि ११ हप्ते क्षमता अभिवृद्धि तालिम सञ्चालन भइ रहेको छ ।

उक्त तालिममा प्रजनन स्वास्थ्य तथा जुकाले मानिसमा पार्ने असरका बारेमा छलफल गराइएको हो । तालिम संस्थाका कर्मचारी सन्जय आचार्य र राधिका श्रेष्ठको सहजिकरणमा सम्पन्न गरिएको थियो । तालिममा प्रजनन स्वास्थ्यका बारेमा सहभागीहरूलाई विभिन्न विधि मार्फत छलफल गराइएको थियो ।

तालिममा विद्यार्थीहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिम बाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रूपमा सहभागी हुने कुरा विद्यार्थीहरूले बताएका थिए । तालिम बाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बालदुर्व्यवहारको विरूद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरा वस्थाका विद्यार्थीहरूका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरूले बताएका थिए । सेवाको भावनाले अभिप्रेरित भएर काम गर्ने हो भने कसैको सहयोग विना नै प्रभावकारी काम गर्न सकिने कुराको ज्वालन्त उदाहरण बाल विकास समाजका कर्मचारीहरूले दिएका छन् । कर्मचारीले नै तयार गरेको यो उपायबाट एक वर्षमा कम्तीमा ३ वटा सामुदायिक विद्यालयका बालबालिकाहरूले यो सेवा लिने योजना रहेको छ । दौतरीको माध्यमबाट बालबालिकाहरूलाई चेतनशिल बनाउने राम्रो कार्यको रूपमा यस तालिमलाई हेरिएको छ ।

### अभिमुखिकरण कार्यक्रम

बाल विकास समाजले विगत २६ वर्षदेखि विपन्न वर्गका बालबालिका, श्रमिक बालबालिका, जोखिममा परेका बालबालिकाहरूको अधिकार संरक्षण र प्रवर्द्धनका लागि विशेषगरी शिक्षा, स्वास्थ्य र बाल संरक्षण, बाल सहभागिता तथा जनचेतनामुलक कार्यक्रमहरू संचालन गर्दै आएको छ ।

यसै सिलसिलामा बाल विकास समाजले युनिसेफको संयुक्त प्रयासमा भक्तपुर जिल्लामा सन्चालनमा रहेको Building Resilience and Preventing trafficking through family preservation community engagement and system strengthening program बाट भक्तपुर जिल्लामा जोखिममा परेका, परिवारवाट अलग्गीएका तथा एक्लो बालबालिकाहरूलाई लक्षीत गरी यो परियोजना संचालन भएको हो । यसै सिलसिलामा वडा स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिको आयोजना तथा बाल विकास समाजको सहयोगमा सुर्यविनायक नगरपालिका वडा नं. ६ र चाँगुनारायण नगरपाकिला वडा नं. ९ स्थित बाल संरक्षण सम्बन्धित घरदैलो सचेतना कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा बालबालिकाहरूलाई संरक्षण गर्नु हामी सबैको कर्तव्य हो भन्ने कुराको सन्देश घरघरमा गई दिएको थियो । त्यस्तै गरी चाँगुनारायण नगरपालिकामै बालबालिका तथा अभिभावकलाई स्वास्थ्य तथा सरसफाईको बारेमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा यसै परियोजनाका कार्यक्रम व्यवस्थापकज्यूले बालबालिका तथा अभिभावकहरलाई सरसफाई गर्दाका फाइदा र सरसफाई नगर्दाका बेफाईदा बारे प्रस्त पार्नु भएको थियो भने सरसफाई गर्ने तरीका पनि बताउनुभएको थियो ।

### निशुल्क शारीरीक सुचांक तथा रगतको समुह जाँच

बिगत ८ बर्ष देखी बाल विकास समाज द्वारा सन्चालित स्वास्थ्य कार्यक्रमले बिभिन्न स्वास्थ्य सेवाहरू आचरान गर्दै आएको छ । निशुल्क शारिरिक सुचांक तथा रगतको सामुहिक जाँच पनि ति मध्य केहि सेवा हरू हुन् । यही सिल्सिलामा मिती २०१७(०६(०४ गते बाट हरेक हप्ता मंगलवार र बुधवार को दिन अरूणदय माध्यामिक विध्यालयका छात्राहरूको लागी सो कार्यक्रम सचांलन गरिएको थियो ।शारिरिक सुचांक भन्नाले मानिसको तौल र उचाँईको आधारमा स्वास्थ्य अवस्था बिश्लेशन गर्नु हो । धेरै मानिसहरूलाई यो प्रबिधिको बारेमा थाहा नभएको कारणले शारिरिक तौल कायम राख्न कठिनाइ हुने देखिन्छ । अरूणदयका विध्यार्थीहरूमा पनि यस्ता सम्श्याहरू देखिएको कारणले विध्यार्थीहरूको निशुल्क शारिरिक सुचांक जाँच गरियो ।शारिरिक सुचांक साथसाथै रगतको समुह जाँचने सेवापनी बिद्यार्थिहरूले प्राप्त गरेका छन् । किशोर अवस्थामा प्रवेश गरिसकेका विद्यार्थीहरूलाई समेत आफ्नो रगतको समुह थाहा नभएको कारणले यो सेवा पनि बाल बालिकाहरूलाई दिइएको छ । षारिरिक सुचांक सङ्गै रगतको समुह निशुल्कमा जाँच गर्न पाउँदा विद्यार्थीहरू निकै खुशी एवं सन्तुस्ट पनि देखिन्थे । कार्यक्रमको तथ्याकं गर्ने क्रममा धेरै विध्यार्थीको तौल उचाई अनुसार कम देखियो भने केहि विध्यार्थीको तौल उचाई अनुसार धेरै देखियो । सो कारणले हरेक विध्यार्थीलाई व्यक्तिगत परामर्श सेवा पनि दिईएको छ । हरेक कार्यक्रम पश्चात सबै विध्यार्थीहरूको ज्ञान परिक्षण गर्दा धेरै विध्यार्थीहरूमा बिगतको भन्दा ज्ञान र अभ्यासमा परिवर्तन आएको पनि सुचना प्राप्त गरिएको छ ।बाल बिकास समाज वरिपरिका क्षेत्रहरूमा रहेका सार्वजनिक विध्यालयहरूका छात्राहरूलाई लक्षित समुह बनाएर आरचन गरिएको यो कार्यक्रमले बिगत देखिनै धेरै विध्याहरूलाई यो सेवा प्रदान गर्दै आएको

हाम्रो सम्पदा — डा. रत्नसंसार श्रेष्ठ

# जलस्रोतको औपनिवेशिक दोहन



प्रकृतिले प्रदान गरेको स्रोत साधनको दोहनबाट प्रत्येक देश समृद्ध बन्छ । पहिले हरियो वन नेपालको धन भनिन्थ्यो, तर वनजंगलको अत्यधिक दोहन भएर पनि सम्पन्नता आएन । त्यस्तै जलस्रोतमा धनी देशका एक चौथाइ जनसंख्याकोमा धारा भए पनि पानी आउँदैन भने बाँकी घरहरुमा धाराको अभावमा स्वच्छ पानी उपयोग गर्नु विलासिता भएको छ । यसले गर्दा झाडापखालादेखि टाइफाइडसम्मका रोगहरु लाग्नाले जनशक्तिको उत्पादकत्व घटेको छ । पिउन र सरसफाइको लागि स्वच्छ पानी मात्र उपलब्ध भए वार्षिक दशौं अर्ब रुपैयाँ औषधोपचार खर्च बच्ने थियो ।

**मध्ययुगीन दोहन पद्धति**

अर्को मुलुकको विकासको लागि आफ्नो मुलुकको प्राकृतिक स्रोतको उत्खनन् वा दोहन गर्नुलाई औपनिवेशिक दोहन भनिन्छ । भारतलगायतका उपनिवेशहरु स्वतन्त्र नहुन्जेल यस्तो मध्ययुगीन पद्धतिमा दोहन हुन्थ्यो र उपनिवेशहरुको अर्थतन्त्र समृद्ध सम्पन्न भएको उदाहरण छैन । प्राकृतिक स्रोत आफ्नो देशको हितमा उपयोग गर्ने मुलुकहरु भने सम्पन्न छन् । १९२० मा महाकाली नदीमा शारदा बाँध निर्माण गरेर नेपालको जलस्रोतको औपनिवेशिक दोहन प्रारम्भ गरिएकोमा १९५० पछि कोसी तथा गण्डक सन्धिहरुअन्तर्गत बाँधहरु निर्मित भएर औपनिवेशिक दोहनले निरन्तरता पायो । यी आयोजनाको उद्देश्य बाढी नियन्त्रण, सिंचाइ तथा विद्युत् उत्पादन हो । तर बाढी नियन्त्रण तथा सिंचाइबाट नेपाल लाभान्वित हुन नसकेकोमा आश्चर्यचकित हुन आवश्यक पनि छैन । किनभने यी भारतमा बाढी नियन्त्रण तथा सिंचाइका लागि निर्माण भएको हो । तर डुबान र विस्थापनको समस्या नेपालले भोगेर बाढी नियन्त्रण तथा सिंचाइको लाभ भारतको पोल्टामा पार्नु जलस्रोतको औपनिवेशिक दोहनको उत्कृष्ट नमुना हो । नेपालमा विनाश गरेर भारतलाई लाभ ।

महाकाली सन्धिअन्तर्गत पञ्चेश्वर आयोजनामा पनि औपनिवेशिक दोहनको प्रयास हुँदैछ । आयोजनाको जलाशयको लागि आवश्यक जमिनमध्ये ४५ प्रतिशत नेपालमा डुबाएर त्यसैको अनुपातमा स्थानीय बासिन्दा विस्थापित हुन्छन् तर सिंचाइबाट भारत अत्यधिक लाभान्वित हुन्छ । नेपालमा ९३ हजार हेक्टरमा सिंचाइ हुन्छ तर भारतमा १६ लाख हेक्टरमा भने बाढी नियन्त्रणबाट पूर्णत भारत लाभान्वित हुन्छ ।

**जलविद्युत्को औपनिवेशिक दोहन**

नेपालमा हजारौं मेगावाट बिजुली उत्पादन गर्न सकिन्छ तर नेपालीहरु दशकौंदेखि लोडसेडिङको मारमा छन् भने आधा जनसंख्याको बिजुलीमा पहुँच छैन । बिजुलीको अभावमा औद्योगिकरण नभएकाले बेरोजगार युवायुवती बाध्यतावश विदेश पलायन हुन्छन् । आर्थिक मात्र होइन, यौन शोषणमा पनि पर्छन् । अझ मानव बेचबिखनको सिकारसम्म हुन्छन् । तर बिजुली भारत निकासी गर्ने गरेर अरुण तेस्रो, माथिल्लो कर्णाली, लिखु आदि जलविद्युत आयोजनाहरुको लाइसेन्सहरु दिइन्छ। नेपालमा औद्योगिकरण तथा रोजगारी सिर्जना गर्न बिजुलीको व्यवस्था गरिन्न । औपनिवेशिक दोहनको यो अर्को रुप हो ।

**भारतीय दृष्टिकोणबाट यस्तो दोहन**

भारतमा विनाश (डुबान तथा विस्थापन) गरेर भए पनि भारतमै विकास (बाढी नियन्त्रण तथा सिंचाइ) गर्नु स्वाभाविकै हो । तर नेपालमा विनाश गरेर निर्मित बाँधबाट भारतमा विकास गर्नु भारतीय हिसाबले प्राकृतिक स्रोतको दोहनको उत्कृष्ट पद्धति हो । दुष्प्रभाव (विनाश जति नेपालमा अनि लाभ, विकास जति भारतमा) । यो पद्धतिलाई किन औपनिवेशिक दोहन भनिन्छ भन्ने आफैं स्पष्ट हुन्छ ।

बेलायत जस्ता साम्राज्यवादी मुलुकहरुले भारतलगायतका उपनिवेश यही पद्धतिमा प्राकृतिक स्रोतको दोहन गरेर आफू समृद्धशाली बने भने यो पद्धतिसमेतको विरोधमा क्रान्तिको लहर चलेकाले दृष्टान्त कहिल्यै घाम नअस्ताउने भनिएको साम्राज्यवादी शक्ति संयुक्त राज्य अधिराज्यका केही टापुमा खुम्चिएको छ । अहिले छिमेकी मुलुकहरुप्रति भारतको यही रवैया छ । भारत संरक्षित राज्य भुटानको परराष्ट्र तथा प्रतिरक्षा मामिला आफ्नो मातहतमा भएकैले भुटानको प्राकृतिक स्रोतको औपनिवेशिक दोहन हुनुमा कुनै आश्चर्य छैन । तर सार्वभौम मुलुक नेपालको प्राकृतिक स्रोतको औपनिवेशक दोहन हुनु दुःखद हो ।

**औपनिवेशिक बौद्धिकता**

भारतले नेपाललाई कहिल्यै पनि उपनिवेश त के संरक्षित राज्यसम्म पनि भन्ने आँट गरेको छैन । तर १९५० को सन्धिअन्तर्गत विशेष सम्बन्धको जामा पहिऱ्याएर नेपालको प्राकृतिक स्रोतमा हालीमुहाली गर्ने अभिलाषा तथा आकांक्षा राखेकै छ । नेपालको जलस्रोतमा भारतको असीमित पहुँचको प्रत्याभूतिको शर्तमा १९९० को जनआन्दोलनलाई मत्थर पार्न सहयोग गर्न खोजेकोमा तत्कालीन राजाले बरु आफ्नै जनतालाई सार्वभौम बनाएर भारतीय महत्वाकांक्षामा तुषारापात गरे । बरु जनआन्दोलनबाट स्थापित कृष्णप्रसाद भट्टराईको अन्तरिम सरकारले भारतीय नाकाबन्दी खुलाउने क्रममा नेपालको नदीनालालाई दिल्लीमा साझा घोषणा गर्न पुगे । तर आम निर्वाचनमा प्रधानमन्त्री पराजित भएकाले त्यसलाई सौभाग्यवश, औपचारिकता दिने काम हुन सकेन ।

त्यस्तै २००९ को मे महिनामा प्रधानमन्त्री पदबाट राजीनामा गर्ने अवस्था आउँदा प्रचण्डलाई नेपालको जलस्रोतमाथि भारतको पनि हक लाग्ने अवधारणा मानेका भए राजीनामा गर्न नपर्ने स्थिति बनाउने आश्वासन दिइएको थियो । तर प्रचण्डले राजीनामा गरेर जलस्रोतको औपनिवेशिक दोहनको विपक्षमा आफूलाई खडा गरे । तर कतिपय बुद्धिजीवी, राजनीतिकर्मी, कर्मचारीतन्त्र, व्यापारी, बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरुलाई प्राकृतिक स्रोतको औपनिवेशिक दोहन स्वीकार्य देखिन्छ तर यसको विपक्षमा उभिनेलाई विकास विरोधीको बिल्ला भिराएर नवसाम्राज्यवादको तावेदारी गर्ने गरेको देखिन्छ । यो तप्काले घरमा बत्ती बाल्दा सडक उज्यालो हुनेसँग जलाशययुक्त आयोजनाको तल्लो तटीय लाभलाई तुलना गरेर बौद्धिक दरिद्रता प्रदर्शन गर्छन्, नेपालमा विनाश गरेर भारतलाई लाभान्वित बनाउने प्रपञ्च रच्छन् । विश्वबैंक, एसियाली विकास बैंक तथा कतिपय वैदेशिक तथा स्वदेशी गैरसरकारी संस्था पनि विनाश जति नेपालमा छिमेकी मुलुकको विकास हुने गरी प्राकृतिक दोहनको पैरवी गरेर प्राकृतिक स्रोतको औपनिवेशिक दोहनमा सघाउँछन् ।

आयोजना विशेष कार्यान्वयन हुने कुरा सञ्चारमाध्यममा सम्प्रेषण भएपछि त्यसबाट नेपालको स्वार्थ सम्बर्द्धन हुन्छ कि हुन्न भनेर विश्लेषण गर्दा यो तप्काले चित्त दुखाउँछ, आयोजना बन्नै लाग्दा राष्ट्रघातको कुरा उठायो भनेर । अमूर्त तथा भावनात्मक राष्ट्रियताको कुरा मात्र नभएर राष्ट्रलाई आर्थिक वा वित्तीय घाटा पर्ने नै भएर राष्ट्रघातको चर्चा गर्दा असहिष्णु प्रतिक्रिया जनाउनु औपनिवेशिक बौद्धिकता हो । यिनले भारतले लगानी गरेको आयोजनाको बिजुली भारत निकासी निर्विकल्प मान्छन् । तर चीनले लगानी गर्ने पश्चिमसेती आयोजनाको बिजुली चीन नलग्ने हुनाले यिनको निर्विकल्पता स्खलित भएको छ ।

केही बुद्धिजीवी भारतले आफ्नो लगानी सुरक्षित गर्न आवश्यक सुरक्षा आफैंले गर्नुपर्ने प्रस्ताव पेस गर्न सक्छ । शक्ति राष्ट्रहरुद्वारा यस्ता प्रस्ताव राख्नुलाई अस्वाभाविक भन्ने गरिँदैन भनेर सार्वभौम नेपालको भूभागमा भारतीय सुरक्षाकर्मीको उपस्थिति स्वीकार्य ठान्छन् भने कोही नेपालमा भुटान मोडेलमा जलविद्युत विकास गर्ने पैरवी गर्छन्, भुटानले जस्तै परराष्ट्र तथा प्रतिरक्षा मामिला भारतलाई बुझाएर भए पनि । अर्काथरी त नेपाली सेनाको भरण पोषणको जिम्मा भारतलाई दिएर भए पनि जलविद्युत् विकास गर्नुपर्ने मान्यता राख्छन् । अझ अर्को तप्का जलविद्युत विकासमा सार्वभौमसत्ता बाधक हुनुहुन्न भन्छन् अर्थात् सार्वभौमसत्ता गुमाएर भए पनि जलविद्युतको विकास गर्नुपर्ने, यस्तोमा भारतले नेपालको प्राकृतिक स्रोतको औपनिवेशिक दोहनको आकांक्षा, अभिलाषा, अपेक्षा राख्नु आश्चर्यजनक होइन ।

**उपयुक्त दोहन पद्धति**

जसरी कुखुराको फुलको परिकार खान फुटाउनैपर्छ, त्यस्तै जलस्रोतबाट लाभान्वित हुन डुबान तथा विस्थापन जस्ता दुष्प्रभावलाई आत्मसात गर्नैपर्छ । तर दुष्प्रभाव सबै नेपालमा र लाभ अन्यत्र हुने औपनिवेशिक दोहन पद्धति उपयुक्त हुन्न । नेपालमा थोरै दुष्प्रभाव पारेर धेरै नेपालीले र नेपालको अर्थतन्त्रले लाभ लिने गरेर नेपालको जलस्रोतको दोहन गरिनुपर्छ । नेपालको जलस्रोत दोहन गरेर उत्पादित बिजुली नेपालको औद्योगिकीकरणमा प्रयोग गरिनुपर्छ र पेट्रोलियम पदार्थ विस्थापन तथा ऊर्जा सुरक्षाको लागि समेत उच्चस्तरमा विद्युतीकरण गर्नुपर्छ ।

स्रोत : मिलाप

## मधेसलाई...

चुनाव मितिलाई पछि धकेल्दै आएका छन् ।

नेपाल दुई राष्ट्रको महासंघ होइन । ब्रिटिसहरुले भारतमा स्वतन्त्रता दिँदा सन् १९४७ मा टु नेसन थ्यौरी लागू गरेका थिए । इस्लामिक धर्म मान्ने एउटा राष्ट्र र हिन्दू धर्म मान्ने अर्को राष्ट्र हो भनेर जोन स्टुअर्डले नयाँ धारणा अघि सारेका थिए । यही आधारमा पाकिस्तान अलग भएको थियो । नेपाल बहुजातीय बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक बहुलतामा आधारित मुलुक हो । दुई राष्ट्रिय राष्ट्रलाई स्थापित गर्ने उद्देश्यले सीमांकन फेरबदलको विधेयक संसदमा दर्ता गरिएको छ ।

तराईसँग जोडिएका पहाडी जिल्लालाई तराईबाट अलग गर्दै एक मधेस एक प्रदेशको आधार तयार गरिँदैछ । सीमांकन परिवर्तन भएपछि बहुराष्ट्रिय राज्यमा जान सकिन्छ भन्ने मधेसी नेताहरुको धारणा देखिन्छ । क्लस्टर छुट्याएर यसैगरी जातीय राज्य बनाउन सकिन्छ भन्ने जातिवादी, नश्लवादीहरुको समेत बुझाइ छ । संघीयताका नाममा मुलुकलाई नै विखण्डनको भड्खारोमा जाक्ने षड्यन्त्रहरु सतहमै देखिन थालेका छन् । नेपालको संविधानमा नपरेका भारतीय स्वार्थहरुलाई पूरा गराउनकै लागि भारतीय शासक वर्गले ओली नेतृत्वको सरकार विस्थापन गराएर कांग्रेस, माओवादी गठबन्धन सरकार निर्माण गराएको हो । दिल्लीले यी दुई दलबीच गराएको सहकार्य सरकार, स्थानीय निर्वाचन, प्रदेश र संसद निर्वाचनसम्म कायम रहने र एमालेलाई सत्ता नेतृत्वमा आउन नदिने प्रपञ्च रचिएको छ । यद्यपि दुवै चरणको स्थानीय तह निर्वाचनमा एमालेले बाजी मारेको छ । कांग्रेस माओवादी तालमेलका बीच पनि जनताले एमालेलाई पहिलो पार्टी बनाएपछि भारतीय रणनीति भुत्ते सावित भएको छ ।

भारत आफैं आन्तरिक आन्दोलनमा जेलिँदैछ । कास्मिरमा स्वतन्त्रता आन्दोलन चर्किरहेको छ । नागाल्यान्ड, मिजोरम, मणिपुर, असम लगायतका पूर्वोत्तर राज्यहरुमा पनि स्वतन्त्रताको आगो सल्किएको छ । नेपाली भाषी भारतीयहरुले गोर्खाल्यान्ड राज्य माग गर्दा उनीहरुलाई गोलीले भुटिँदैछ । आन्तरिक द्वन्द्वको सामना गरिरहेकी भारतीय मोदी प्रशासन दोक्लम प्रकरणमा फँसेको छ । र चीनसँग जोरी खोज्दैछ । नेपालमा केही मधेसी नेताहरुलाई काँधमा बोकेर तराई निल्ने योजना बनाइरहेको छ भारत । संविधान संशोधन विधेयक पारित गराएर आफ्नो स्वार्थको राजमार्ग खोल्ने नयाँदिल्लीको अभिस्टतालाई देउवा सरकारले साथ दिँदै मधेसलाई क्रिमियामा बदल्ने धृष्टता गर्नु विडम्बनापूर्ण छ ।

क्रिमियाको जनमत संग्रहमा त्यहाँका जनताको ९० प्रतिशत मत लिएर यो गणराज्य युक्रेनसँग अलग भएर रुसमा गाभिएको थियो । कालासागरमा रहेको यस भूभागलाई तीनतिर समुद्रले घेरेको छ । यसलाई कालासागरको पेनिनसुला पनि भनिन्छ । करिब २५ सय वर्षअघि तत्कालीन ग्रीकहरुले समुद्री पोर्टसहितको एउटा सहर बसालेका थिए । इसापूर्व यो भूभागमाथि रोमनहरुले कब्जा गरे । त्यसको १४ सय वर्षपछि तातार भनिने मंगोल मुस्लिमहरुले कब्जा जमाएपछि सो भूभाग मंगोल साम्राज्यको एक भाग बन्न गयो । १५ औं शताब्दीमा अटोमन साम्राज्यको एउटा सानो राज्यका रुपमा रहेको यो स्थान पछि टर्किस साम्राज्यको अधिनमा गयो । १७८३ मा रसियन साम्राज्यले यसलाई खोसेर लियो । रसियाले लिँदा लिँदै क्यास्पियन भोल्गा क्षेत्रको रुपमा यसको छुट्टै र स्वतन्त्र टोरिटोरीको माग क्रिमियनहरुले उठाएका थिए ।

सन् १८५३-५६ मा बेलायत, फ्रान्स सार्डिना र टर्कीको संयुक्त शक्तिको विरोधमा रसिया एक्लै क्रिमिया जोगाउन लाग्यो । यही युद्धलाई क्रिमियन वार भनिन्छ । फ्लोरेन्स नाइटिंगलले घाइतेहरुलाई अपार सेवा पुऱ्याएर यही युद्धबाट विश्व प्रसिद्ध भएकी थिइन् । संयुक्त शक्तिले राजधानी सेवास्तोलपोल कब्जा गरिसक्दा क्रिमिया ध्वस्त भइसकेको थियो । सम्झौतापछि युद्ध टुंगियो । सन् १९१७ को रसियन गृहयुद्धमा क्रिमियनहरुले बोल्सेविकहरुलाई साथ दिए । सन् १९२१ म क्रिमिया सोभियत संघको अरु गणराज्य सरह मान्यता दियो । सोभियत संघ सिध्याउन पसेको जर्मनीले सेवास्तोपोल कब्जा गऱ्यो । तर १९४४ मा स्टालिनले सेवास्तोपोललाई फेरि सोभियत संघमा फर्काए । स्टालिनपछि सत्तामा आएका ख्रुश्चेभले क्रिमियालाई युक्रेनको मातहतमा राखिदिए।अटनमस गणराज्यको दर्जा खोसियो क्रिमियाको । सोभियत संघ विघटन हुँदा उसको स्वतन्त्रता हरायो।५८ प्रतिशत क्रिमियन रसियन भाषी थिए र पछि स्टालिनले छरेर राखेका क्रिमियनहरु पनि क्रिमिया आए । करिब २ मिलियन जनसंख्या रहेको क्रिमिया युक्रेनसँग विद्रोह गर्दै जनमत संग्रहबाट रुसमा मिल्न गएको हो । तर नेपालको तराई भूभागको इतिहास कसैको आधिपत्यमा रहेको छैन । यद्यपि भारत क्रिमियाका आँखाले हेरिरहेको छ ।

## दार्जिलिङमा...

भाषीले त्यसलाई आफूविरुद्धको निर्णय ठाने । बंगालमा बोलिने भाषाहरु बंगला, अंग्रेजी, हिन्दी, नेपाली, उर्दु र गुरुमुखीमध्ये कुनै तीन भाषा ऐच्छिक हुने र त्यसमध्ये तेस्रो भाषाको रुपमा बंगला भाषा अनिवार्य पढ्नैपर्ने भयो । यो समाचार आएलगत्तै अलग राज्यको माग गर्दै आएको गोर्खा जनमुक्ति मोर्चाले विरोध गऱ्यो । भाषा विवाद भुसको आगोझैं सिंगो प्रस्तावित गोर्खाल्यान्ड क्षेत्र दार्जिलिङ तराई डुबर्सभरि सल्कियो। गोर्खा जनमुक्ति मोर्चाले भाषिक अतिक्रमण विरुद्ध धारावाहिक आन्दोलन घोषणा गऱ्यो । पैदल यात्रादेखि शैक्षिक संस्था र बजारबन्द जस्ता कार्यक्रम घोषणा भए । आन्दोलन दार्जिलिङमा मात्र सीमित भएन । कालिङपोङ, कर्साङ, मिरिक तथा तराई डुबर्स क्षेत्रमा समेत फैलियो । सिक्किमकले पनि यस आन्दोलनलाई समर्थन जनायो ।

भाषा विवादबाट सुरु भएको आन्दोलन गोर्खाल्यान्ड राज्यमा रुपान्तरित भयो र आन्दोलन चर्किंदै जाँदा त्यो हिंसात्मक बन्न पुगेको छ । पश्चिम बंगालको औपनिवेशिक दबाबबाट अलग हुने माग गर्दै 'पहाडकी रानी' छुट्टै राज्य गोर्खाल्यान्ड बन्ने जमर्को गर्दैछ । यस्ता आन्दोलन दार्जिलिङमा चल्ने र मुर्झाउने इतिहास रहँदै आएको छ । यसपटक पनि गोर्खाल्यान्ड राज्यको माग पूरा हुनेमा प्रशस्त सन्देह भए पनि यसपटकको आन्दोलन जनस्तरबाट सञ्चालित भएकाले आन्दोलनको शैली विगतको भन्दा फरक देखिएको छ । पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले नेपाली भाषीबीच विभाजन ल्याएर आन्दोलन तुहाउने, फुटाउ र राज गर' को रणनीति यसपटक असफल हुने देखिँदैछ ।

भारत स्वाधीन हुनुपूर्व नै सन् १९०१ म दार्जिलिङमा पादरी गंगाप्रसाद प्रधानले 'गोर्खे खबर कागज' पत्रिकाको प्रकाशन गरेका थिए । १९१३ मा खर्साङमा गोर्खा लाइब्रेरीको स्थापना भएको थियो । १९२४ मा दार्जिलिङमा नेपाली साहित्य सम्मेलन जन्मिसकेको थियो । कोलकता, देहरादुन लगायतका स्थानमा पनि नेपाली पत्रिकाको प्रकाशन भइसकेका थिए । सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, धरणीधर कोइराला, ठाकुरचन्द्र सिंहहरुले नेपाली भाषामा साहित्य लेखन गरेर भाषाको चिनारी गराएका थिए । सन् १९४९ मा भारतको संविधानले बंगला, गुजराती, कन्नड, मराठी, उडिया, पन्जावी आदि १४ वटा भाषालाई मान्यता दिँदा नेपाली भाषाले मान्यता पाएन । १९५६ बाट नेपाली भाषालाई संवैधानिक मान्यताका लागि देहरादुनबाट आन्दोलन सुरु भयो । पाँचौं चरणसम्म करिब ३६ वर्ष लामो आन्दोलनपछि मात्र भारतले १९९२ अगस्त २० मा संविधानको आठौं अनुसूचीमा नेपाली भाषालाई मान्यता दियो । त्यसपछि मात्र नेपाली भाषामा पढाइ हुने विद्यालयहरु खुल्न थाले । दार्जिलिङ र डुबर्समा दर्जनौं नेपाली विद्यालयहरु सञ्चालित छन् । तर राज्य सरकारको अनुदार नीतिका कारण नेपाली भाषामा पढाइने विद्यालयहरुको हालत नाजुक छ। नेपाली भाषी भारतीयहरुको एकमात्र पहिचान नेपाली भाषालाई विस्तारै खारेज गर्ने पश्चिम बंगाल सरकारको षड्यन्त्रविरुद्ध उठेको आन्दोलन गोर्खाल्यान्ड मुभमेन्ट कोअर्डिनेसन कमिटीमा दार्जिलिङका १२ वटा राजनीतिक दलहरु ऐक्यबद्ध हुनुले गोर्खाल्यान्ड आन्दोलन सफलतामा टुंगिने विश्वास गर्न सकिन्छ ।

## प्रचण्डद्वारा...

दुई चरणमा सम्पन्न भएको स्थानीय तहमा माओवादीले सोचेजस्तो परिणाम ल्याउन सकेन । 'भाइ फुटे गवार लुटे' भन्ने भनाइ नै छ । एउटै पार्टी विभिन्न टुक्रामा विभाजित भएको पीडा माओवादीले भोगिरहेको छ । नयाँ शक्ति खोलेर पुराना शक्तिको विकल्प दिन तम्सेका बाबुरामले खातासम्म खोल्न भ्याए भने वैद्य नेतृत्वको पार्टीले खाता खोल्नै सकेन । उता बहिष्कारको नेतृत्व गर्ने चन्दको हालत पनि उस्तै भयो । बहिष्कार त सफल भएन, भएन थवाङमा उठाएका स्वतन्त्र उम्मेदवार समेत पराजित भएपछि विप्लव नेतृत्वको नेकपा पनि सोचनीय अवस्थामा पुगेको छ । प्रचण्डको आह्वानलाई स्वीकारेर पार्टी एक भएको खण्डमा माओवादीको पुनर्जागरण हुने संकेत भने माओवादी पार्टीलाई मुलुकभरका निर्वाचन क्षेत्रहरुबाट आएको मतले दिइसकेको छ ।

## गोदाममा...

हजार ८ सय १० क्विन्टल चामलको माग रहेको छ । बंगलादेशले दिएको चामल समेत दुर्गमका जिल्लामा खाद्यले सरकारको निर्देशनमा पठाएको थियो । तर खाद्यले दुर्गममा चामल वितरण गर्न सकेन । अब दशैं तिहारमा चामल बाँड्ने योजनामा छ खाद्य संस्थान । भूकम्पपीडित जनता अझै पालमुनि भोकभोकै बस्न बाध्य छन् । गोदाममा भने चामल सडिँदैछ । सरकार जनताप्रति कति उत्तरदायी छ यसले प्रस्ट पार्छ ।

## गोर्खाल्यान्डको...

भाषा, संस्कृतिको संरक्षण, सम्बर्द्धन गर्न पाउने र आफैंले शासन गर्न पाउने नेपाली भाषी गोर्खालीको माग अविलम्ब पूरा गर्न भारत सरकार तथा पश्चिम बंगाल सरकारको ध्यानाकर्षण होस् भनी देपसा मोर्चाले जोडदार अपिल गरेको छ ।

## इन्धनमा...

अवधिमा २० लाख ३ हजार किलोलिटर/टन इन्धन आयात भएको आयल निगमको तथ्यांक छ । लोडसेडिङ घटे पनि ग्यास खपत घटेको छैन । ग्याससँगै पेट्रोल डिजेलको आयात पनि बढेको छ । सवारी साधनको संख्यामा भएको वृद्धिका कारण ११ महिनाको अवधिमा करिब ३ लाख ६८ हजार किलोलिटर पेट्रोल र ११ लाख ९४ हजार किलोलिटर डिजेल आयात भएको छ ।

# राप्रपाविरुद्ध अभियान : थापा

काठमाडौं । राप्रपा अध्यक्ष कमल थापाले पार्टी समाप्त पार्न गिरोह नै सक्रिय रहेको बताएका छन् । राजधानीमा बुधबार सुरु केन्द्रीय समिति बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष थापाले नेपालको राष्ट्रिय स्वाधीनता र स्वाभिमानलाई कमजोर बनाएर आफ्नो स्वार्थ सिद्ध गर्न चाहने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गिरोह र शक्ति केन्द्रले संगठित एवं योजनाबद्ध रूपमा राप्रपाविरुद्ध अभियान चलाएको उल्लेख गरेका हुन् ।

उनले प्रस्तुत गरेको प्रतिवेदनमा हिन्दू राष्ट्रको शाश्वत मान्यतामा आधारित भएर राप्रपा बलियो एवं लोकप्रिय राष्ट्रवादी शक्तिका रूपमा उदय भएको देखेर पार्टीको विचार, नेतृत्व र समग्रमा पार्टीप्रति नै वितृष्णा र घृणा फैलाएर समाप्त पार्न चाहने गिरोह र प्रवृत्तिभित्र केही दलका नेतादेखि पत्रकार, एनजीओ सञ्चालक र नागरिक अगुवा नै सक्रिय रहेको उल्लेख छ । उनले समग्र पार्टी पंक्तिलाई सचेत रहँदै जिम्मेवार भएर आफ्नो दलको मान्यतामा अडिग रहन समेत आग्रह गरेका छन् ।

अध्यक्ष थापाले राजनीतिक दस्तावेजमा पार्टीलाई एक दिन देशकै ठूलो दल बनाउने लक्ष्य समेत अघि सारेका छन् । उनले त्यसका लागि पार्टीभित्र देखिएको गुटबन्दी, भागबन्डा र अनुशासनहीनतालाई अन्त्य गर्दै पार्टीभित्र जस्तोसुकै कठिन परिस्थिति आए पनि सिद्धान्त र विचारबाट विचलित नहुने तथा पार्टीलाई टुटफुट हुनबाट जोगाउने संकल्प आवश्यक पर्ने उल्लेख गरेका छन् । 'विधि र व्यवस्थाअनुसार चल्ने पार्टी पद्धति निर्माण गर्नुपर्छ । व्यक्ति होइन विचार । नेता होइन नीतिको मान्यतालाई अनुशरण गर्ने चरित्र कायम गर्नुपर्छ,' अध्यक्ष थापाद्वारा प्रस्तुत गरिएको राजनीतिक दस्तावेजमा भनिएको छ ।

# चुलियो व्यापारघाटा

काठमाडौं । चालु आर्थिक वर्षको ११ महिनामै देशको व्यापारघाटा सवा ८ खर्ब रुपैयाँ पुगेको छ । यसको आधारमा वार्षिक व्यापारघाटा झन्डै ९ खर्ब रुपैयाँ पुग्ने देखिन्छ । २०७३ जेठको तुलनामा चालु आबको सोही अवधिको व्यापारघाटा ३३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो १.६ प्रतिशतले बढेको थियो । निर्यातको तुलनामा आयात उच्च दरले बढेपछि व्यापारघाटा चुलिएको हो ।

चालु आर्थिक वर्षको ११ महिनासम्म रेमिट्यान्समार्फत ६ खर्ब ३३ अर्ब ४२ करोड रुपैयाँ नेपाल भित्रिएको छ । एघार महिनासम्म मुलुक भित्रिएको रेमिट्यान्स रकम उक्त अवधिको व्यापारघाटाभन्दा झन्डै २ अर्ब रुपैयाँले कम हो । रकमका आधारमा रेमिट्यान्स प्रवाह बढेको देखिए पनि पछिल्ला महिनाहरुमा यसको वृद्धिदर घट्दो क्रममा छ । यही समयमा विदेशी मुद्राका आम्दानीका अन्य स्रोतहरु पर्यटन निर्यात लगायतमा अपेक्षित सुधार हुन नसक्दा अर्थतन्त्रको बाह्य क्षेत्रमा दबाब परेको राष्ट्र बैंकले जनाएको छ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np